श्रोतः अभियान, २०७२/४/३०

## विद्युत् प्राधिकरण २६ अर्ब घाटामा

नेपाल विद्युत् प्राधिकरणले आव २०७१/७२ मा रू. ६ अर्ब ५१ करोड ४० हजार घाटा बेहोरेको छ । प्राधिकरणले मङ्गलवार सार्वजनिक गरेको तथ्याङ्क अनुसार अहिलेसम्मको घाटा रू. २६ अर्ब ७९ करोड ८६ लाख २० रहेको छ ।

चार वर्षअघि रू. २७ अर्ब घाटामा रहेको प्राधिकरणलाई सरकारले अपलेखन गरेको थियो । चरम विद्युत् अभाव, विद्युत् चुहावट तथा प्राविधिक समस्याका कारण प्राधिकरणको घाटा बढ्दै गएको हो । भारतबाट आयात गरिएको विद्युत् खरीदको मूल्य र प्राधिकरणले वितरण गर्ने मूल्यको सन्तुलन मिल्न नसक्दा पनि प्राधिकरण घाटामा छ ।

प्राधिकरणले आव २०७१/७२ मा खुद आम्दानी रू. ३० अर्ब ४८ करोड ३४ लाख ६० हजार गरेको छ । अत्याधिक विद्युत् चुहावट नियन्त्रणमा बेवास्ता गरिनु, संस्थागत सुधारमा ध्यान नदिइनु तथा सस्तोमा विद्युत् किनेर महँगोमा बेच्नु, लामो समयदेखि विद्युत् महसुल नबढ्नु आदि कारणले घाटा बढेको प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेले जानकारी दिए ।

### कुल उत्पादित विद्युत्मध्ये २४ दशमलव ४४ प्रतिशत चुहावट

देशमा प्रत्येक वर्ष एक सय मेगावाटको दरमा विद्युत् माग बढ्दै गएको छ । मागअनुसार आपूर्ति हुन नसक्दा विद्युत् भार कटौती बढ्दै जाने देखिएको छ । हाल मुलुकको एक हजार २ सय ९१ मेगावाट विद्युत्को माग रहेको छ । तर प्राधिकरणले ७ सय ६ मेगावाट उत्पादन गरिरहेको छ । निजी क्षेत्रले १ सय २४ मेगावाट विद्युत उत्पादन गर्दै आएको छ । भारतबाट २ सय २४ मेगावाट विद्युत् आयात गरिएको छ । कुल एक हजार १ सय ५४ मेगावाट आपूर्ति भएकामा एक हजार २ सय ९१ मेगावाट माग हुँदा विद्युत् भार कटौती गर्न बाध्य भएको कार्यकारी निर्देशक काफ्लेको भनाइ छ । कुल उत्पादित विद्युत्मध्ये २४ दशमलव ४४ प्रतिशत चुहावट हुने गरेको छ । अघिल्लो आवमा २४ दशमलव ६४ प्रतिशत कुल चुुहावट रहेकामा आव २०७१/७२ मा शुन्य दशमलव २० प्रतिशतमात्रै चुहावट नियन्त्रण भएको छ । विद्युत् चुहावटलाई उल्लेख्य रुपमा घटाउन चुहावट नियन्त्रण विशेष अभियान चलाइने भनिए पनि अभियान प्रभावकारी भएको छैन ।

### हिउँदमा १३ घण्टा विद्युत् कटौती हुने

प्राधिकरणका अनुसार आव २०७१/७२ मा कुल ग्राहक सङ्ख्या ५ दशमलव ७५ प्रतिशतले वृद्धि भई २८ लाख ७० हजार पुगेको छ । त्यसमा सङ्ख्याका आधारमा गार्हस्थ्य ९४ दशमलव ३४ प्रतिशत, औद्योगिक १ दशमलव ४८ प्रतिशत र अन्य उपभोक्ता वर्गको हिस्सा ४ दशमलव १८ प्रतिशत रहेको छ । खपतका आधारमा गार्हस्थ्य ४४ दशमलव ७८ प्रतिशत, औद्योगिक ३६ दशमलव ३१ प्रतिशत र अन्य १८ दशमलव ९२ प्रतिशत रहेको छ ।

हरेक वर्ष बढ्दै जाने ग्राहकको सङ्ख्यालाई सम्बोधन गर्नेतर्फ ध्यान नदिइएका कारण माग र आपूर्तिको सन्तुलन मिल्न सकेको छैन । गत हिउँदमा विद्युत् भार कटौती १० घण्टामा सीमित गरिएको भए पनि आगामी हिउँदमा १३ घण्टा पुग्ने प्रक्षेपण गरिएको छ । गत वैशाख १२ गतेको भूकम्पका कारण भोटेकोसी र निजी क्षेत्रका अन्य आयोजना र बाढी पहिरोका कारण माथिल्लो मोदी क्षतिग्रस्त भएर कुल एक सय मेगावाट विद्युत् केन्द्रीय प्रसारणमा ल्याउन सकिएको छैन ।

चालु आवमा कुनै अवरोध नभएमा कुल १ सय ४० मेगावाट विद्युत् थप हुने अनुमान गरिएको छ । निजी क्षेत्रले निर्माण गरिरहेको ५० मेगावाट क्षमताको माथिल्लो मस्र्याङ्दी 'ए' चालु आवमा सम्पन्न हुनेछ । अन्य केही साना र मझौला आयोजना पनि चालु आवमै सम्पन्न हुने प्राधिकरणको विश्वास छ । प्राधिकरणले नै निर्माण गरिरहेको चमेलिया ३० मेगावाट, १४ मेगावाटको कुलेखानी तेस्रो मुस्किलले पूरा हुने सम्भावना छ । भूकम्पका कारण माथिल्लो त्रिशूली थ्री 'ए' भने पूरा हुने सम्भावना कम रहेको छ । यस्तै, प्राधिकरणको सहायक कम्पनी चिलिमेले निर्माण गरिरहेको १४ दशमलव ६ मेगावाटको माथिल्लो साञ्जेन, ४२ दशमलव ५ मेगावाटको साञ्जेन, १ सय ११ मेगावाटको रसुवागढी र १ सय २ मेगावाटको मध्य भोटेकोसी पनि निर्माणका क्रममा रहेको छ तर ती आयोजना तत्कालै सम्पन्न हुने देखिँदैन ।

**प्रसारण लाइन अस्तव्यस्त**

प्राधिकरणले अगाडि बढाएका कुल ४० ओटा प्रसारण लाइनमध्ये प्रगतिको चरणमा एउटै मात्र परियोजना छ । विगत १५ वर्षदेखि चर्चामा रहेको खिम्ती ढल्केबर प्रसारण लाइन सिन्धुलीमा भएको अवरोधका कारण अगाडि बढ्न सकेको छैन । पूर्व पश्चिमका कुनै पनि प्रसारण लाइनको कार्यप्रगति सन्तोषजनक छैन । निजी क्षेत्रले निर्माण गरेको माईखोला जलविद्युत् आयोजनाको प्रसारण लाइनको अभावमा केन्द्रीय प्रसारणमा जोड्न सकिएको छैन । यसका कारण २२ मेगावाट विद्युत् खेर गइरहेको छ । ढल्केबर मुजफ्फरपुर प्रसारण लाइन निर्माण आगामी महिनाभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको प्राधिकरणले जनाएको छ ।

**प्राधिकरणलाई सबल र सक्षम बनाउन सरकार प्रयत्नशील**

प्राधिकरणको ३०औँ वार्षिकोत्सवका अवसरमा मङ्गलवार आयोजित कार्यक्रममा ऊर्जा मन्त्री राधा ज्ञवालीले प्राधिकरणलाई समयानुकूल र प्रतिस्पर्धी बनाउन सरकार प्रयत्नशील रहेको बताइन् । उनले ठूला र जलाशययुक्त आयोजनालाई प्राधिकरणले नेतृत्व गरेर विकास गर्नुपर्ने र मुलुकमा जारी ऊर्जा सङ्कटलाई हल गर्नुपर्ने धारणा राखिन् । प्राधिकरणबाट प्रदान गरिने सेवालाई अझ गुणस्तरीय र भरपर्दो बनाउन नवीनतम प्रविधिको उपयोग गरिने मन्त्री ज्ञवालीको भनाइ छ । *रासस*

श्रोतः समाचार पत्र, २०७२/४/३१

# बूढीगंगा जलविद्युत् आयोजनाको मुअब्जा दिन शुरू

विष्णुप्रसाद भण्डारी
अछाम
निर्माणाधीन बूढीगंगा जलविद्युत् आयोजनाको काम द्रुत गतिमा शुरू भएको छ। आर्थिक वर्ष २०७१/७२ को लक्ष्यअनुसार झण्डै ७५ प्रतिशत प्रगति भएको इन्जिनियर ऋषिकेश बस्नेतले जानकारी दिनुभयो। २० मेगावाट क्षमता रहेको आयोजाना निर्माणस्थल रहेको अछाममा जग्गा अधिकरणको काम तीव्ररूपमा भइरहेको उहाँले बताउनुभयो। हाल जग्गाको मुआब्जा दिने काम धमाधम भइरहेको भन्दै बस्नेतले जम्मा ५७ जनाले मुआब्जा पाउनुपर्नेमा २९ जनाले प्राप्त गरिसकेको बताउनुभयो। आयोजनाको प्रभावित क्षेत्रमा पर्ने कुस्कोटका ३, बाव्लाका ११, घुघुरकोटका १९, हात्तिकोटका २४ जनाले गरी जम्मा ५७ जनाले मुआब्जा पाउनुपर्ने आयोजनाले जनाएको छ। जसमध्ये पहिलो चरणमा १ जना बब्लाका र ५ जना घुघुरकोटका गरी ६ जनाले झण्डै १८ हजार ९ सय ४४ दशमलव ५ वर्ग मिटर जग्गाको मुआब्जा पाएका थिए। त्यस्तै दोस्रो चरणमा १२ जनालाई २१ हजार १२ वर्ग मिटर जग्गाको मुआब्जा वितरण गरिएको थियो।
यसैगरी तेस्रो चरणमा हात्तिकोटका ३, बाब्लाका २ र घुघुरकोटका ५ जना गरी १० जनालाई २४ हजार ४ सय ५५ वर्ग मिटर जग्गाको मुआब्जा वितरण गरिएको थियो। २०७१/७२ मा करिब ७ करोड बराबरको जग्गाको मुआब्जा वितरण गएिको छ। आयोजना निर्माणका लागि २ सय ३३ रोपनी, १ आना, १ पैसा, २ दाम जग्गा अधिकरण गर्नुपर्नेमा हाल सम्म १ सय २६ रोपनी, ९ आना, ३ पैसा, १ दाम जग्गाको मुआब्जा वितरण भइसकेको छ। निवेदन आएका ४१ जनामध्ये २९ जनाले मुआब्जा पाईसकेका छन् भने बाँकीलाई यस वर्ष मुआब्जा दिइने छ। आयोजनास्थलमा पर्ने ७ जनाका ११ वटा घरसमेत अधिकरणमा पर्ने बताइएको छ। ती घर सबै हात्तिकोट गाविसका रहेका छन्। निर्माणाधीन आयोजनाको प्रसारणलाइनको काम पनि शुरू भइसकेको इन्जिनियर बस्नेतले जानकारी दिनुभयो। हाल प्रसारणलाइन सर्भे गर्ने काम भइरहेको छ। उहाँका अनुसार साँफेबगरदेखि मंगलसेनसम्म प्रसारणलाइन सर्वे गर्ने काम सम्पन्न भइसकेको छ।
अछामको साँफेबगरदेखि लम्कीसम्म ८८ किलमिटर विद्युत् प्रसारणलाइन रहने उहाँले बताउनुभयो। हाल तीव्र रूपमा प्रसारणलाइन सर्भे गर्ने काम भइरहेको छ। आयोजनाको विस्तृत इन्जिनिरियङ अध्ययनका लागि केही समयभित्रै टोली आयोजना निर्माणस्थलमा आउने उहाँले बताउनुभयो। अहिले परियोजनाको पावर हाउस स्थलसम्म जाने पहुँच मार्गको काम पनि द्रुत गतिमा भइरहेको छ। जिल्लास्थित विभिन्न तह र तप्काबाट सहयोग प्राप्त भएमा छिट्टै आयोजनाको काम सम्पन्न हुने उहाँले बताउनुभयो। साथै बूढीगंगाको अर्को परियोजनाको निर्माण कार्य पनि यसै आयोजनाले गर्ने उहाँले बताउनुभयो।

श्रोतः अभियान, २०७२/४/३२

# ऊर्जा अभावमा जेलिएको बारा–पर्सा कोरिडोर

**बिचार / प्रतिक्रिया**

*प्रदीपकुमार केडिया*

मुलुककै सबैभन्दा ठूलो औद्योगिक कोरिडोरमा नै ऊर्जाको चरम अभावको अवस्थाले हाम्रो औद्योगिकीकरणको आलाप र यसको यथार्थ अनुमान लगाउन अप्ठ्यारो पर्दैन । पर्सा–बारा औद्योगिक कोरिडोर लगानीका हिसाबले सबैभन्दा महत्वपूर्ण कोरिडोर मानिन्छ । कुल औद्योगिक लगानीको दुईतिहाइ परिमाण यसै क्षेत्रमा केन्द्रित भएको तथ्याङ्क नै यसका लागि पर्याप्त छ । तर, बेलैमा सचेतना अपनाएर समाधानमा नलाग्ने हो भने यो तथ्य अब इतिहास बन्ने सम्भावना नजिकिएको छ । पछिल्लो समय यस क्षेत्रमा प्रतिकूलताका चाङ पनि थपिएका छन् । समाधानमा सरोकारका निकाय लाचार र गैरजिम्मेवारजस्ता देखिएका छन् । यस क्षेत्रमा निर्माण भएका र प्रस्तावनामा रहेका पूर्वाधारलाई सतही रूपमा हेर्ने हो भने औद्योगिकीकरणको आगामी सम्भावना बढी छ पनि भन्न सकिएला, तर उद्योग सञ्चालनका लागि अत्यावश्यक पर्ने ऊर्जा नै नभएपछि कस्तो औद्योगिकीकरणको अपेक्षा गर्ने ? यथार्थमा ऊर्जा आपूर्तिका दृष्टिले यो क्षेत्रलाई सधैँ पछाडि पारिएको छ । विगतमा अन्य औद्योगिक क्षेत्रहरूका १० घण्टा लोडशेडिङ हुँदा बारा–पर्साका उद्योगमा दैनिक १५ घण्टासम्म लोडशेडिङ भएकै हो । अहिले पनि विद्युत् प्राधिकरणले दिनमा १२ घण्टा आपूर्तिको तालिका बनाएको छ । तर, दैनिकजसो अघोषित रूपमा थप २ घण्टाजति लोडशेडिङ हुने गरेको छ । अत्यधिक भारका कारण हुने ट्रिपिङको त लेखाजोखै छैन ।

ऊर्जाको यो नमूना समस्याबाट यसक्षेत्रका करीब २ हजार २ सय उद्योग नराम्ररी प्रभावित छन् । तीमध्ये २ सय जति ठूला उद्योग नै पर्छन् । ऊर्जा अभावकै कारण प्रायः उद्योगले आफ्नो क्षमताको आधामात्रै उत्पादन गर्न पाएका छन् । एकातिर हामी बृहत् परिमाणमा उत्पादन अभिवृद्धिको योजना बनाउँछौं अर्कातिर भएका उद्योगसमेत आधा क्षमतामा खुम्चिनु परेको छ । यस्तो अवस्थामा उद्देश्य हात लाग्न कठिन छ । हामी लगानी आकर्षणको कुरा गर्छौं । तर, ऊर्जाको यो विकराल समस्याको परिदृश्यमा कसरी लगानीको अपेक्षा गर्न सकिन्छ ? उद्योग सञ्चालनका लागि अतिआवश्यक रहेको विद्युत् आपूर्तिमा देखिएको अनिश्चितताका कारण उल्टै पूँजी पलायन भइरहेको तथ्य बाहिर आउन थालेको छ । यसको प्रभाव सरकारी राजस्व र रोजगारीमा पर्ने असर बेग्लै छँदै छ । उद्योगहरू निर्बाध रूपमा सञ्चालन हुनसकेमा मात्र अर्थतन्त्रलाई टेवा पुग्ने हो ।

वीरगञ्ज–पथलैया औद्योगिक कोरिडोरमा विद्युत् आपूर्ति गर्न परवानीपुर सबस्टेशनमा १३२/११ केभीमा ४ ओटा औद्योगिक र ४ साधारण फिडर छन् । वीरगञ्जमा ६६/११ केभी र सिमरामा ६६/११ केभीका फिडरहरूमार्फत विद्युत् आपूर्ति भइरहेको छ । तर, पटकपटकको लोडशेडिङको चपेटामा उद्योगहरूको स्थिति झन् दयनीय बन्दै गएको छ ।

प्राधिकरणले क्षमता विस्तार गर्न सकेको छैन न स्तरोन्नतिलाई आवश्यक नै ठानिएको छ । यसकारण ऊर्जाको चरम अभावका कारण कतिपय उद्योगले आफ्नो उत्पादन नै बन्द गर्नुपर्ने अवस्था उत्पन्न भएको छ । जसोतसो उत्पादन जारी राखे पनि महँगो ऊर्जाका कारण उत्पादन लागत बढेर आन्तरिक बजारमै प्रतिस्पर्धा गर्न कठिनाइ उत्पन्न भइरहेको अवस्था छ । यस्तो अवस्थामा निकासीको हविगत के होला भनेर अनुमान लगाउन गाह्रो नपर्ला ।

कोरिडोरमा आपूर्ति हुने विद्युत्को भोल्टेज स्थिर नहुदा दिनहुँ उपकरणहरू बिग्रिने गरेका छन् । कच्चा पदार्थ खेर जाने नै भयो । परिणामस्वरूप उत्पादन गुणस्तरहीन हुन गई उद्योगहरूले नोक्सानी बेहोर्नु परिरहेको छ । उद्योगको उत्पादन तालिका निर्धारण गर्न सकिएको छैन । र, काम नगरेको समयको पनि अनावश्यक ज्याला मजदूरी तिर्नुपर्ने र बैङ्कको ब्याज लाग्नेजस्ता समस्या उद्योगका लागि सामान्यजस्तै भइसकेका छन् । पर्साको विन्ध्यवासिनीस्थित फिडरलाई २ ओटा फिडरका रूपमा विभाजन गरी विद्युत् आपूर्ति गर्ने प्रयास अझै पूरा भएको छैन । यस क्षेत्रमा विद्युत् आपूर्तिका लागि ल्याइएको २२ दशमलव ५ मेगावाटको ट्रान्सफार्मर खरीद गर्दादेखि नै बिग्रिएको अवस्थामा रहेको तर पनि विद्युत् प्राधिकरणले मर्मत वा आवश्यक विकल्पका बारेमा चासो नदेखाउनु समस्याप्रतिको उदासीनाताको एउटा गतिलो उदाहरणमात्र हो । करिडोरका अधिकांश उद्योगले ऊर्जा अभावका कारण सास्ती खेपिरहेका छन् भने ६६ केभीएबाट विद्युत् उपभोग गर्ने केही सीमित उद्योगले लोडशेडिङ तालिकाको पलाना नै नगरेको पाइएको छ । यसबाट यस क्षेत्रमा समस्या झनै पेचिलो बन्दै गएको छ । तर, यसमा नियमन र नियन्त्रणको निकायका रूपमा रहेको प्राधिकरणको मौनता झन् रहस्यमय छ ।

वीरगञ्जको छपकैंयामा रहेको फिडर सञ्चालन हुनसकेमा केही राहत हुने थियो । तर, यो फिडरको निर्माणमा देखिएको कछुवा गतिले चाँडै निर्माण पूरा हुने सम्भावना देखिन्न । त्यसैले यसबाट समस्या समाधानमा सघाउ पुग्नेमा आशावादी हुने गतिलो आधार छैन । परवानीपुरदेखि रक्सौलसम्म अहिलेको विद्युत् प्रसारण लाइनबाट भारततर्फ १० एमभीए विद्युत् निकासी गर्न सकिन्छ । तर, सीमावर्ती भारतीय शहर रक्सौलमा १३२/११ क्षमताको सबस्टेशन जडान भइरहेकाले परवानीपुर–रक्सौल प्रसारण लाइनको संरचनालाई स्तरोन्नति गर्ने हो भने सोही क्षमतामा विद्युत् आदानप्रदान गर्न सकिन्छ । यसमा भारत सरकारले सहयोग गर्ने भन्ने कुरा आएको वर्षौं भइसक्यो, उदासीनता हाम्रै प्राधिकरणमा छ ।

विद्युत् आपूर्तिमा निरन्तर अनियमितता छ । तर, उद्योगीले नियमित रूपमा डिमाण्ड शुल्क भुक्तानी गर्दै आउनु परेको छ । लोडशेडिङ भएका बेलामा डिमाण्ड चार्ज लिइनु न्यायोचित छैन भन्ने हाम्रो माग हो । केही वर्षअघि पनि वीरगञ्ज उद्योग वाणिज्य सङ्घको पहलमा प्राधिकरणले डिमाण्ड शुल्क मिनाहा पनि गरेको थियो । अहिले पनि विद्युत् आपूर्ति नै नभएको समयावधिको डिमाण्ड शुल्क मिनाहा हुनुपर्छ । यसो भएमा उद्योगहरूलाई केही हदसम्म राहत हुनसक्छ । यो समस्याको समाधान तत्काल हुन सक्दैन ।

तर, ऊर्जा अभाव समग्र उद्योग क्षेत्रको साझा समस्या भएकाले ऊर्जा उत्पादन र यसका विकल्पमा केन्द्रित हुनुपर्छ ।

*केडिया वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष हुन् ।*

श्रोतः आर्थिक दैनिक, २०७२/४/३२

# प्राधिकरण विद्युत् महसुल दर स्वतः परिमार्जन गर्ने पक्षमा

### भारतसँग थप विद्युत् नल्याएसम्म लोडसेडिङ्ड घटाउन नसकिने निचोड

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्ले पनि विद्युत् महसुल दर स्वतः परिमार्जन हुने व्यवस्था लागू गर्ने पक्षमा देखिएका छन् । अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य घटबढ हुनासाथ नेपालमा पनि सोहीअनुसार मूल्य समायोजन गर्दा नेपाल आयल निगमको घाटा ह्वात्तै घटेपछि प्राधिकरण पनि महसुल दर स्वतः परिमार्जन गर्ने पक्षमा उभिएको हो । 'प्राधिकरणले व्यहोरिरहेको घाटापूर्तिको लागि विद्युत्को हालको महसुल दरमा तत्काल पुनरावलोकन गर्नु आवश्यक देखिएको छ', कार्यकारी निर्देशक काफ्लेले भने, 'प्रत्येक वर्ष बजार मूल्य परिसूचकअनुरुप विद्युत् महसुल दर स्वतः परिमार्जन हुने व्यवस्था लागू गर्नसकेमा प्राधिकरणको वित्तीय अवस्थामा सुधार ल्याउन सकिनेछ ।' महसुल दरमा स्वतः परिमार्‌जन हुने व्यवस्था लगायतका सुधार कार्यक्रम सञ्चालन गर्न नसक्दा प्राधिकरणको सञ्चित नोक्सानी फेरि २६ अर्ब ७९ करोड ८६ लाख २० हजार पुगिसकेको छ । केही वर्षअघि प्राधिकरणको करिब २८ अर्ब रुपैयाँ अपलेखन गरिएको थियो ।

आर्थिक वर्ष २०७१/०७२ मा मात्र प्राधिकरण छ अर्ब ५१ करोड ४० लाख नोक्सानीमा परेको छ । प्राधिकरणका अनुसार आव २०७१/०७२ सम्म प्राधिकरणको नेपाल सरकारप्रतिको दायित्व सेयर पुँजीको रुपमा ४९ अर्ब ६३ करोड १९ लाख ५० हजार रुपैयाँ पुगेको छ भने दीर्घकालीन ऋणको रुपमा ९४ अर्ब चार करोड १३ लाख ८० हजार रुपैयाँ पुगेको छ । प्राधिकरणले खरिद गर्ने विद्युत्को दर वर्षेनी निश्चित प्रतिशतले वृद्धि हुँदै जाने तर विद्युत्को बिक्रीदर वर्षौंसम्म पुनरावलोकन हुन नसक्दा प्राधिकरणले प्रदान गर्ने सेवाको लागत र आम्दानीबीचको अन्तर बढ्दै गएको छ । सोही कारण प्राधिकरणले आफ्नो सेवामा नोक्सानी व्यहोर्नुपरिरहेको छ । उक्त घाटापूर्तिका लागि महसुल दर स्वतः परिमार्जन हुने व्यवस्था लागू गर्नुको अर्को विकल्प नभएको कार्यकारी निर्देशक काफ्लेको दाबी छ ।

प्राधिकरणले विद्युत्को मागअनुसार आपूर्ति गर्नका लागि नदी प्रवाहमा आधारित साना आयोजनाहरु निर्माणका लागि निजी क्षेत्रलाई प्रोत्साहन गरी आफूले भने ठूला र जलाशययुक्त जलविद्युत् परियोजनाहरुको निर्माणको लागि प्रयास केन्द्रित गर्ने कार्ययोजना समेत बनाएको छ । काफ्लेका अनुसार

प्राधिकरणले रिमोट मिटर रिडिङ प्रणाली र इन्टरनेटमा आधारित बिलिङ्ग प्रणालीलाई कार्यान्वयनमा ल्याउने भएको छ । हाल सञ्चालित र निर्माणकार्य सम्पन्न हुने अवस्थामा रहेका अधिकांश जलविद्युत् आयोजनाहरु नदी प्रवाहमा आधारित रहेकाले त्यस्ता आयोजनाहरुबाट वर्षायाममा उत्पादन हुने विद्युत् बढी भई खेर जाने तथा सुख्खायाममा पूर्ण क्षमतामा विद्युत् उत्पादन हुन नसकी विद्युत् अभाव कायमै रहेकाले आउँदा केही वर्षको हिउँदयामको लोडसेडिङ घटाउन भारतसँग विद्युत् खरिद गर्नुपर्ने तथा वर्षाको विद्युत् खेर जान नदिन प्रसारण लाइन निर्माणमा तीव्रता दिनुपर्ने निचोड प्राधिकरणको छ । खिम्ती–ढल्केबर प्रसारण लाइन निर्माण सुरु भएको कारण चार महिनाभित्रमा उक्त कार्य सकिने र त्यसले आन्तरिक विद्युत् प्रवाहमा ठूलो सहयोग गर्ने प्राधिकरणले ठहर गरेको छ ।

भारतसँग विद्युत् खरिद गरेर ल्याउने प्रसारण लाइनको अभाव यही भदौ महिनाभित्रमा पूरा हुने भएकाले भारतसँग विद्युत् खरिद गर्न सकिएमा हिउँदको लोडसेडिङ कम गर्नसकिने कार्यकारी निर्देशक काफ्लेको निचोड छ । धनुषा जिल्लाको ढल्केबरबाट भारतको मुजफ्फपुरसम्म जोड्ने ४०० केभी प्रसारण लाइन यही भदौ महिनाभित्र सम्पन्न हुने भएपछि भारतसँग ठूलो परिमाणमा विद्युत् खरिद गरेर पनि ल्याउनसकिने अवस्था देखिएको हो । कार्यकारी निर्देशक काफ्लेका अनुसार उक्त प्रसारणलाइनको काम अन्तिम चरणमा पुगेको छ ।

श्रोतः गोरखापत्र, २०७२/४/३२

## ऊर्जामा आयकर छुटको व्यवस्था

सरकारले ऊर्जा क्षेत्रमा निजी क्षेत्रको आकर्षण बढाउन २०८० सालसम्म जलविद्युत्को व्यापारिक रूपमा उत्पादन, प्रसारण र वितरण सुरु गर्ने अनुमति प्राप्त व्यक्ति वा निकायलाई पहिलो १० वर्षमा पूरै आयकर छुट दिएको छ ।

आर्थिक अध्यादेशमा त्यसपछिको पाँच वर्षसम्मका लागि ५० प्रतिशत आयकर छुटको व्यवस्था गरिएको छ ।

पहिले जलविद्युत्लाई मात्रै दिइएको यो सुविधा यस वर्षदेखि सौर्य, वायु तथा जैविक पदार्थको उत्पादन हुने विद्युत्लाई समेत प्रदान गरिएको छ ।

कुनै व्यक्तिले आफ्नो व्यावसायिक प्रयोजनका निमित्त आवश्यक पर्ने ऊर्जा शक्ति उत्पादन गर्न पुँजीकृत गरेको सम्पत्तिको पुँजीगत रकमको ५० प्रतिशत सोही वर्ष ह्रास खर्चबापत केही दाबी गर्न सक्नेसमेत व्यवस्था गरिएको छ ।

सहरी क्षेत्रमा सौर्य ऊर्जाको विकास गर्न विज्ञान प्रविधि तथा वातावरण मन्त्रालयले सहरी सौर्य ऊर्जा अनुदान तथा सरल कर्जा निर्देशिका लागू गरेको छ ।

नयाँ निर्देशिकामा १०० देखि १५० वाटसम्मका घरायसी सौर्य प्रणाली र एक हजार ५०० वाटभन्दा माथिका व्यापारिक प्रयोजनका लागि सौर्य प्रणाली जडान गर्न सुरुमा रु १५ हजार अनुदान प्रदान गरिने व्यवस्था छ ।

बाँकी रकम सहुलियतमा कर्जा सुविधा दिइने वैकल्पिक ऊर्जा प्रवद्र्धन कार्यकर्ता निर्देशक रामप्रसाद धितालले जानकारी दिनुभयो ।

सो अनुदान लिन पाँच सय वाट क्षमताभन्दा बढीको प्रणाली राखेको हुनुपर्नेछ ।

ग्रामीण नवीकरणीय ऊर्जा कोषको कार्यविधि एकीकृत भई सञ्चालनमा आएपछि अनुदान परिचालनमा सहजता आएको कार्यकारी निर्देशक धिताल बताउनुहुन्छ ।

ग्लोबल आइएमइ वैकल्पिक केन्द्रले अनुदान प्रवाह गरिरहेको छ । रासस

श्रोतः राजधानी, २०७२/५/१

## ऊर्जामा आयकर छुटको व्यवस्था

काठमाडौं÷रास– सरकारले ऊर्जा क्षेत्रमा निजी क्षेत्रको आकर्षण बढाउन ०८० सालसम्म जलविद्युत्को व्यापारिक रूपमा उत्पादन, प्रसारण र वितरण सुरु गर्ने अनुमति प्राप्त व्यक्ति वा निकायलाई पहिलो १० वर्षमा पूरै आयकर छुट दिएको छ ।

आर्थिक अध्यादेशमा त्यसपछिको पाँच वर्षसम्मका लागि ५० प्रतिशत आयकर छुटको व्यवस्था गरिएको छ । पहिले जलविद्युत्लाई मात्रै दिइएको यो सुविधा यस वर्षदेखि सौर्य, वायु तथा जैविक पदार्थको उत्पादन हुने विद्युत्लाई समेत प्रदान गरिएको छ ।

कुनै व्यक्तिले आफ्नो व्यावसायिक प्रयोजनका निमित्त आवश्यक पर्ने ऊर्जा शक्ति उत्पादन गर्न पुँजीकृत गरेको सम्पत्तिको पुँजीगत रकमको ५० प्रतिशत सोही वर्ष ह्रास खर्चबापत केही दाबी गर्न सक्नेसमेत व्यवस्था गरिएको छ ।

सहरी क्षेत्रमा सौर्य ऊर्जाको विकास गर्न विज्ञान प्रविधि तथा वातावरण मन्त्रालयले सहरी सौर्य ऊर्जा अनुदान तथा सरल कर्जा निर्देशिका लागू गरेको छ ।

नयाँ निर्देशिकामा सयदेखि १ सय ५० वाटसम्मका घरायसी सौर्य प्रणाली र १ हजार ५ सय वाटभन्दा माथिका व्यापारिक प्रयोजनका लागि सौर्य प्रणाली जडान गर्न सुरुमा १५ हजार अनुदान प्रदान गरिने व्यवस्था छ ।

बाँकी रकम सहुलियतमा कर्जा सुविधा दिइने वैकल्पिक ऊर्जा प्रवद्र्धन कार्यकर्ता निर्देशक रामप्रसाद धितालले जानकारी दिए । सो अनुदान लिन ५ सय वाट क्षमताभन्दा बढीको प्रणाली राखेको हुनुपर्नेछ ।

ग्रामीण नवीकरणीय ऊर्जा कोषको कार्यविधि एकीकृत भई सञ्चालनमा आएपछि अनुदान परिचालनमा सहजता आएको कार्यकारी निर्देशक धिताल बताउँछन् । ग्लोबल आईएमई वैकल्पिक केन्द्रले अनुदान प्रवाह गरिरहेको छ ।

श्रोतः कान्तिपुर, २०७२/५/१

# ‘रिभर बेसिन’ गुरुयोजना अध्यावधिक हुने

- लोकमणि राई

सरकारले कोसी, गण्डकी र कर्णाली–महाकाली बेसिन गुरुयोजना अध्ययन अद्यावधिक गर्ने भएको छ । ऊर्जा मन्त्रालयले त्यसका लागि आवश्यक लगानीको जोहोसमेत गरिसकेको छ ।

खासगरी कोसी, गण्डकी र कर्णाली–महाकाली बेसिनमा पहिचान गरिएका आयोजनाको जडित क्षमता बजार सापेक्ष बनाउन आवश्यक भएकाले गुरुयोजना अध्यावधिक गरिन लागेको हो ।

त्यसका लागि विश्व बैंकले आर्थिक सहयोग गर्ने पक्का भइसकेको छ । ‘६/७ मिलियन अमेरिकी डलर (करिब ६०/७० करोड रुपैयाँ) को कुरा हो,’ ऊर्जा मन्त्रालय स्रोतले भन्यो, ‘विश्व बैंकले दिन्छु भनिसकेको छ ।’

स्रोतका अनुसार गुरुयोजना अध्यावधिक गर्ने काम विश्व बैंकसँग आर्थिक सम्झौता हुनसाथ सुरु हुनेछ । सम्झौता एक डेढ महिनामै सम्पन्न हुने स्रोतका भनाइ छ ।

यी तीनमध्ये गण्डकी बेसिनको सम्भाव्यता अध्ययन तथा कोसी बेसिन र कर्णाली महाकाली बेसिनको गुरुयोजना जाइकाको सहयोगमा बनेको हो । गण्डकी बेसिनको गुरुयोजना यूएनडीपीको आर्थिक सहयोगमा सन् १९७९ मा बनेको हो ।

जाइकाको सहयोगमा ‘फिजिबिलिटी स्टडी अन सप्तगण्डकी हाइड्रो इलेक्ट्रिक पावर डेभलपमेन्ट प्रोजेक्ट’ नामक सम्भाव्यता अध्ययन सन् १९८३ मा तयार भएको थियो ।

त्यसको २ वर्षअघि उक्त सम्भाव्यता अध्ययनको अन्तरिम रिपोर्ट जाइकाले नै तयार गरेको थियो । त्यस हिसाबले गण्डकी बेसिन सम्भाव्यता अध्ययन बनेको करिब ३२ वर्ष र अन्तरिम योजना बनेको करिब ३४ वर्ष पुगिसकेको छ । त्यस्तै गुरुयोजना बनेको करिब ३६ वर्ष पुगिसकेको छ ।

जाइकाको सहयोगमा सन् १९८५ मा ‘मास्टर प्लान स्टडी अन द कोसी रिभर वाटर रिसोर्सेस डेभलपमेन्ट’ बनेको हो । यस हिसाबले यो गुरुयोजन बनेको पनि करिब ३० वर्ष पुगिसकेको छ ।

पछिल्लो गुरुयोजना कर्णाली–महाकाली नदीको हो । जाइकाको सहयोगमा सन् १९९३ मा बनेको ‘मास्टर

प्लान स्टडी फर द वाटर रिसोर्सेस डेभलपमेन्ट अफ द अपर कर्णाली रिभर एन्ड महाकाली रिभर बेसिन' नामक यो गुरुयोजना पनि करिब २२ वर्ष पुरानो हो ।

जल तथा ऊर्जा आयोगका सहसचिव केशवध्वज अधिकारीले यी तीन वटै गुरुयोजना अध्यावधिक गर्न आवश्यक रहेको बताए ।

'धेरै वर्ष पुरानो मास्टर प्लानले पहिचान गरेका जलविद्युत् आयोजनाको जडित क्षमता आज सान्दर्भिक छैनन्,' उनले भने, 'ती आयोजनाको जडित क्षमता हालको बजारअनुसार बनाउनु आवश्यक छ । बजारअनुसार अधिकतम प्रतिफल हासिल हुनेगरी ती आयोजनालाई अप्टिमाइजेसन गर्नुपर्ने महसुस गरी विश्व बैंकसँग अनुदान सहायतामा काम अघि बढाउन लागिएको हो ।'

कोसी बेसिन गुरुयोजनामा सुनकोसी १ (१ हजार ३ सय ५७ मेगावाट), सुनकोसी २ (१ हजार १ सय १० मेगावाट), सुनकोसी ३ (५ सय ३६ मेगावाट) र तमोर १ (६ सय ९६ मेगावाट) लगायत जलाशययुक्त आयोजना छन् ।

कर्णाली बेसिनमा बीआरथ्रीए, बीआरथ्रीबी, बीआरफोर, बीआरफाइभ, एसआरसिक्स, एलआरवानलगायत आयोजना छन् । यी आयोजनाको जडित क्षमताका सम्बन्धमा गुरुयोजनामा ३/३ वटा विकल्प प्रस्तुत गरिएको छ । यी आयोजनाको क्षमता कम्तीमा ७३ देखि १ हजार २ सय ६९ मेगावाट छ ।

गण्डकी बेसिनमा आँधीखोला (१ सय ८० मेगावाट), सेती १ (४ सय ८० मेगावाट), त्रिशूलीगंगा (९० मेगावाट), सेती २ (३ सय २० मेगावाट), मर्स्याङ्दी (७ सय ४० मेगावाट), अपर बूढीगण्डकी (१ सय ३० मेगावाट), बूढीगण्डकी (५ सय मेगावाट), कालिगण्डकी १ (१ हजार ६ सय मेगावाट), कालिगण्डकी २ (४ सय ८० मेगावाट), सप्तगण्डकी (१ सय ५० मेगावाट), लाङटाङ (१ सय ७५ मेगावाट), अपर त्रिशूली (३ सय मेगावाट) र मुग्लिङ (३ सय मेगावाट) लगायत आयोजना छन् ।

श्रोतः गोरखापत्र, २०७२/५/१

# विद्युत् प्राधिकरणको घाटा २६ अर्ब

काठमाडौं, भदौ १ गते । नेपाल विद्युत् प्राधिकरणले आव २०७१÷७२ मा रु. छ अर्ब ५१ करोड ४० हजार घाटा बेहोरेको छ ।

प्राधिकरणले मङ्गलबार सार्वजनिक गरेको तथ्याङ्क अनुसार अहिलेसम्मको घाटा रु. २६ अर्ब ७९ करोड ८६ लाख २० रहेको छ ।

चार वर्ष अघि रु. २७ अर्ब घाटामा रहेको प्राधिकरणलाई सरकारले अपलेखन गरेको थियो ।

चरम विद्युत् अभाव, विद्युत् चुहावट तथा प्राविधिक समस्याका कारण प्राधिकरणको घाटा बढ्दै गएको हो ।

भारतबाट आयात गरिएको विद्युत् खरिदको मूल्य र प्राधिकरणले वितरण गर्ने मूल्यको सन्तुलन मिल्न नसक्दा पनि प्राधिकरण घाटामा गएको हो ।

प्राधिकरणले आव २०७१÷७२ मा खुद आम्दानी भने रु. ३० अर्ब ४८ करोड ३४ लाख ६० हजार गरेको छ ।

अत्यधिक विद्युत् चुहावट नियन्त्रणमा बेवास्ता गरिनु, संस्थागत सुधारमा ध्यान नदिइनु तथा सस्तोमा विद्युत् किनेर महँगोमा बेच्नु, लामो समयदेखि विद्युत् महसुल नबढ्नु आदि कारणले घाटा बढेको प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेले जानकारी दिनुभयो ।

माग बढेपनि आपूर्ति कम

प्रत्येक वर्ष एक सय मेगावाटको दरमा विद्युत् माग बढ्दै गएको छ । माग अनुसार आपूर्ति हुन नसक्दा विद्युत् भार कटौती बढ्दै जाने देखिएको छ ।

हाल मुलुकको एक हजार २९१ मेगावाट विद्युत्को माग रहेको छ तर प्राधिकरणले ७०६ मेगावाट उत्पादन गरिरहेको छ । निजी क्षेत्रले १२४ मेगावाट उत्पादन गर्दै आएको छ ।

भारतबाट २२४ मेगावाट विद्युत् आयात गरिएको छ । कुल एक हजार १५४ मेगावाट आपूर्ति भएकामा एक हजार २९१ मेगावाट माग हुँदा विद्युत् भार कटौती गर्न बाध्य भएको कार्यकारी निर्देशक काफ्लेको भनाइ छ ।

कुल उत्पादित विद्युत्मध्ये २४.४४ प्रतिशत चुहावट हुने गरेको छ । अघिल्लो आवमा २४.६४ प्रतिशत कुल चुहावट रहेको भएपनि आव २०७१÷७२ मा ०.२० प्रतिशतमात्रै चुहावट नियन्त्रण गर्न सम्भव भएको छ ।

विद्युत् चुहावटलाई उल्लेख्य रूपमा घटाउन चुहावट नियन्त्रण विशेष अभियान चलाइने भनिए पनि अभियान प्रभावकारी हुन सकेको छैन ।

ग्राहकको सङ्ख्या बढ्दै

प्राधिकरणका अनुसार आव २०७१÷७२ मा कुल ग्राहक सङ्ख्या ५.७५ प्रतिशतले वृद्धि भई २८ लाख ७० हजार पुगेको छ । त्यसमा सङ्ख्याका आधारमा गार्हस्थ्य, औद्योगिक र अन्य उपभोक्ता वर्गको हिस्सा क्रमशः ९४.३४ प्रतिशत, १.४८ प्रतिशत र ४.१८ प्रतिशत रहेको छ । खपतका आधारमा क्रमशः ४४.७८ प्रतिशत, ३६.३१ प्रतिशत र १८.९२ प्रतिशत रहेको छ ।

हरेक वर्ष बढ्दै जाने ग्राहकको सङ्ख्यालाई सम्बोधन गर्नेतर्फ ध्यान नदिइएका कारण माग र आपूर्तिको सन्तुलन मिल्न सकेको छैन ।

गत हिउँदमा विद्युत् भार कटौती १० घण्टामा सीमित गरिएको भए पनि आगामी हिउँदमा १३ घण्टा पुग्ने प्रक्षेपण गरिएको छ ।

गत वैशाख १२ गतेको ‘गोरखा भूकम्प’ का कारण भोटेकोसी र निजी क्षेत्रका अन्य आयोजना र केही दिन पहिलेको बाढी पहिरोका कारण माथिल्लो मोदी क्षतिग्रस्त भएर कुल एक सय मेगावाट विद्युत् केन्द्रीय प्रसारण ल्याउन सकेको छैन ।

चालू आवमा कुनै अवरोध नभएमा कुल १४० मेगावाट विद्युत् थप हुने अनुमान गरिएको छ । निजी क्षेत्रले निर्माण गरिरहेको ५० मेगावाट क्षमताको माथिल्लो मस्र्याङ्दी ‘ए’ चालू आवमा सम्पन्न हुनेछ । अन्य केही साना र मझौला आयोजना पनि चालू आवमै सम्पन्न हुने प्राधिकरणको विश्वास छ ।

प्राधिकरणले नै निर्माण गरिरहेको चमेलिया ३० मेगावाट, १४ मेगावाटको कुलेखानी तेस्रो जोड बल गरिए पूरा हुने सम्भावना रहेको छ ।

भूकम्पका कारण माथिल्लो त्रिशूली थ्री ‘ए’ भने पूरा हुने सम्भावना कम रहेको छ ।

यस्तै, प्राधिकरणको सहायक कम्पनी चिलिमेले निर्माण गरिरहेको १४.६ मेगावाटको माथिल्लो साञ्जेन, ४२.५ मेगावाटको साञ्जेन, १११ मेगावाटको रसुवागढी र १०२ मेगावाटको मध्य भोटेकोसी पनि निर्माणका क्रममा रहेको छ तर ती आयोजना तत्कालै सम्पन्न हुने देखिँदैन ।

प्रसारण लाइन अस्तव्यस्त

प्राधिकरणले अगाडि बढाएका कुल ४० वटा प्रसारण लाइनमध्ये प्रगतिको चरणमा रहेको एउटै मात्र परियोजना रहेको छ ।

विगत १५ वर्षदेखि चर्चामा रहेको खिम्ती ढल्केबर प्रसारण लाइन सिन्धुलीमा भएको अवरोधका कारण अगाडि बढ्न सकेको छैन । पूर्व पश्चिमका कुनै पनि प्रसारण लाइनको कार्यप्रगति सन्तोषजनक छैन ।

निजी क्षेत्रले निर्माण गरेको माईखोला जलविद्युत् आयोजनाको प्रसारण लाइनको अभावमा केन्द्रीय प्रसारणमा जोड्न सकिएको छैन । यसका कारण २२ मेगावाट विद्युत् खेर गइरहेको छ । ढल्केबर मुजफ्फरपुर प्रसारण लाइन निर्माण आगामी महिनाभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

प्राधिकरणलाई सक्षम बनाउन सरकार प्रयत्नशील

प्राधिकरणको ३०औँ वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा ऊर्जामन्त्री राधा ज्ञवालीले प्राधिकरणलाई समयानुकूल र प्रतिस्पर्धी बनाउन सरकार प्रयत्नशील रहेको बताउनुभयो ।

उहाँले ठूला र जलाशययुक्त आयोजनालाई प्राधिकरणले नेतृत्व गरेर विकास गर्नुपर्ने र मुलुकमा जारी ऊर्जा सङ्कटलाई हल गर्नुपर्ने धारणा राख्नुभयो ।

प्राधिकरणबाट प्रदान गरिने सेवालाई अझ गुणस्तरीय र भरपर्दो बनाउन नवीनतम प्रविधिको उपयोग गरिने मन्त्री ज्ञवालीको भनाइ थियो ।

कार्यक्रममा प्राधिकरणमा क्रियाशील कर्मचारी सङ्घ तथा सङ्गठनका प्रतिनिधिले शुभकामना मन्तव्य राख्नुभएको थियो । रासस

श्रोतः अन्नपुर्ण पोष्ट, २०७२/५/१

# यसकारण प्राधिकरण डुब्यो

विकास थापा

एकजना मित्रले फेसबुसमा विद्युत् प्राधिकरणप्रति आक्रोश पोख्दै लेखे, 'यस्तो मनसुनमा पनि ११ घन्टा लोडसेडिङ?' आमरूपमा बर्खायाममा लोडसेडिङ कम हुने सोचाइ छ।

हिजो गोकर्ण बिष्ट ऊर्जामन्त्री हुँदा आम बुझाइ रह्यो कुलेखानीको जलाशय भरियो र लोडसेडिङ तीन-चार घन्टामा सीमित रह्यो। बिष्टपछि हिउँदमा पोष्टबहादुर बोगटी ऊर्जामन्त्री भए। उनको पालामा लोडसेडिङ बढ्यो। अनि भनियो, 'बोगटीले लोडसेडिङ बढाए।'तर यी दुवै कुरा यथार्थ थिएनन्, मात्र बुझाइ र प्रचारका तरिका फरक थिए।

बिष्टअघि पनि लोडसेडिङ थियो, दशकदेखि हामीसित लोडसेडिङ छ र हुनेछ। नेपालमा हरेक एक वर्ष, ६ महिनामा ऊर्जामन्त्री फेरिन्छन्। मन्त्री जोसुकै आऊन् तर बिजुुलीको माग बढ्दो छ। माग नियन्त्रण गर्न मन्त्रीले सक्दैनन्। आपूर्ति बढाउन सक्छन् तर गर्दैनन्। इच्छाशक्ति नभएर होइन।

जनताका अगाडि लोडसेडिङ पनि एउटा राजनीतिक जस लिने हतियार भएको मुलुकमा यो घटाउन मारामार प्रतिस्पर्धा हुनुपर्थ्यो। लोडसेडिङ घटाएको आधारमा ऊर्जामन्त्रीको मूल्यांकनको कडी हुँदाहुँदै पनि हुँदैन, किन?

नेपालको समग्र जलस्रोत र जलविद्युत्को जड यही प्रश्नमा जोडिएको छ। उसो भए एउटा ऊर्जामन्त्रीले मात्र नेपालको लोडसेडिङ हटाउन सक्छ ? हरेक ऊर्जामन्त्री आफैँले केही गर्न नसकेपछि लाचारी व्यक्त गर्दै आएका छन्, 'जाबो एउटा ऊर्जामन्त्रीले के गर्न सक्छ र?'

यसो भन्दाभन्दै २०४७ साल जेठ ३ गते विद्युत् प्राधिकरणको अध्यक्षता सम्हालेका तत्कालीन अन्तरिम मन्त्रिमण्डलका जलस्रोतमन्त्री महेन्द्रनारायण निधिको पालादेखि हालकी ऊर्जामन्त्री राधाकुमारी ज्ञवालीसम्म आइपुग्दा पनि हालत उही छ।

यद्यपि २०४६ सालको जनआन्दोलनताका नेपालको विद्युत् आपूर्ति २२९ मेगावाटबाट बढेर हालम्म आइपुग्दा ८१६ मेगावाट पुगेको छ। यो अवधिमा जनसंख्या, आर्थिक वृद्धि र ऊर्जा खपत पनि सँगँसँगै बढेका छन्।

त्यही भएर कालीगण्डकी ए (१४४ मेगावाट) उत्पादन सुरु भएपछि जम्मा तीन वर्षका लागि नेपालमा विद्युत् जगेडा रहन पुग्यो र २०६० सालबाट पुनः उही नियति दोहोरिन पुग्यो। त्यसयताका मन्त्रीहरूले

लोडसेडिङ यति वर्षमा सकिन्छ र उति वर्षमा सकिन्छ भन्दै आएका छन्। अब त्यस्ता कुरा कुनै पनि ऊर्जामन्त्रीले भने पनि जनताले विश्वास गर्ने छैनन्।

३० वर्षअघि 'विद्युत उत्पादन, प्रसारण र वितरणलाई सक्षम, भरपर्दो र सर्वसुलभ गरी विद्युत् आपूर्तिको समुचित व्यवस्था गर्न नेपाल विद्युत प्राधिकरण स्थापना' गरियो (विद्युत् प्राधिकरण ऐन, २०४१ दफा ३)। राजपत्रमा सूचना प्रकाशित भएर स्थापित यो संगठित संस्थामा पञ्चायतकालदेखि गणतन्त्रकालसम्म आइपुग्दा पनि 'साधारणसभा नभएसम्मका लागि' भन्दै राजनीतिक हस्तक्षेप कायम रह्यो।
कुन-कुन जलस्रोतमन्त्रीले के-कस्तो काम गरे, सबैको लेखाजोखा भएकै हो। भएर पनि उनीहरू कसैप्रति उत्तरदायी हुनुनपर्ने भएकाले नै प्राधिकरण हिजोभन्दा आज र आजभन्दा भोलि गएगुज्रेको हुँदै आयो। प्राधिकरण सञ्चालक समिति गठन (दफा ९(३)) मा ऊर्जामन्त्रीको एकाधिकार, परीक्षण र सन्तुलनको अभाव, व्यावसायिकताको कमी, राजनीतिक स्वार्थ प्रेरित र क्षेत्र नबुझेकाहरूलाई हुल्ने काम भयो, यो संस्थाको अवनति त्यहीँबाट सुरु भएको देखिन्छ।

**प्राधिकरणको अध्यक्ष भइसकेपछि मन्त्रीहरूमा 'यो मेरै बाबुको सम्पत्ति हो, मैले जे गरे पनि पाउँछु' भन्ने मानसिकताले काम गर्दो रहेछ। त्यसमाथि प्राधिकरणलाई आर्थिक उपार्जनको मुख्य साधनको रूपमा उपयोग गर्ने नियत भइसकेपछि कसैको केही नलाग्दो रहेछ।**

साधारणसभाको व्यवस्था गरेको भए संस्था व्यावसायिक हुन पाउँथ्यो र मन्त्रीको सदाबहार कालो छायाँ पर्ने थिएन। प्राधिकरणको कार्यकारी निर्देशकमा सञ्चालक समितिले एकजना व्यक्ति नियुक्त गर्न सक्ने प्रावधान छ। तर साधारणसभा नभएसम्म त्यस्तो कार्यकारी निर्देशक नेपाल सरकारले नियुक्त गर्न सक्ने (दफा १७) मा उल्लेख छ।

यही साधारणसभा ३० वर्षदेखि हुन सकेको छैन र नै कार्यकारी निर्देशक ऊर्जामन्त्रीको गोजीबाट नियुक्ति गर्नेले पञ्चायतकालीन अभ्यासले निरन्तरता पाएको हो। प्राधिकरणबाटै सबैभन्दा वरिष्ठलाई कार्यकारी निर्देशक नियुक्ति गरिनेछ भनिएको भए संस्था यो अवस्थामा पुग्ने थिएन। धेरै पैसा, ठूला आयोजना, महँगा साधन भएकाले कार्यकारी निर्देशकलाई संस्थागत तवरबाट नियुक्ति गरिएन।

एउटै उदाहरण हेरे पुग्छ-तत्कालीन जलस्रोतमन्त्री पशुपतिशमशेर जबराले खिम्तीको सम्झौता गरे प्राधिकरण डुब्छ भनी अडान लिएका तत्कालीन कार्यकारी निर्देशक सन्तबहादुर पुनलाई हटाएर कीर्तिचन्द ठाकुरलाई ल्याएर सम्झैता गराइछोडे। अहिले प्राधिकरणको कूल सञ्चिती घाटामध्ये खिम्तीको पीपीएको असरको अंशमात्रै ५० प्रतिशतभन्दा बढी छ।

यसैले देखाउँछ-प्राधिकरणमा राजनीतिक बेइमानीयुक्त हस्तक्षेपले संस्थालाई कसरी धराशायी पार्छ। केही अपवादबाहेक हालसम्मका दुई दर्जनभन्दा बढी जलस्रोतमन्त्री तथा ऊर्जामन्त्री वा प्राधिकरण अध्यक्षले ठूला-साना खालका हस्तक्षेप गराउँदै लगे।

आफूले नियुक्त गरेको कार्यकारी निर्देशक र सञ्चालकहरूबाट तिनले पार्टीलाई रकम व्यवस्था गरिदिने र अकूत सम्पत्ति हासिल गर्ने कृत्यमा बढी केन्द्रित भए। मन्त्री र अध्यक्ष तहमा हुने यस्ता अनधिकृत कार्य गरे-गराएबापत कार्यकारी निर्देशक, सञ्चालक र अन्य जिम्मेवार कर्मचारीले पनि मह काट्दा हात चाट्ने नै भए।

जब टाउकोबाटै गलत कार्य गराइन्छ भने त्यसैका आडमा तलका कर्मचारीहरूले पनि नाजायज काम गर्ने उत्साह मिल्ने, दण्डित फेला पारेमा उन्मुक्ति दिने कामले निरन्तरता पाइरहेकैले प्राधिकरणमा संस्थागत भ्रष्टाचार मौलाएको हो। मन्त्रीले एकजना आफ्ना मान्छे नियुक्ति वा सरुवा गर्दा व्यवस्थापनले थपेर गर्ने गर्छ। यस्तो थप्ने मौका मन्त्रीले नै दिएका हुन्।

आफ्नो व्यक्तिगत र पार्टीगत स्वार्थका लागि मन्त्रीजस्तो पदमा पुगेकाले सम्झौता गर्ने गर्छन्।एकातिर ऐनमा प्राधिकरणलाई स्वायत्त निकाय भन्ने अर्कोतिर हुने नहुने सबै गर्न लगाएर पंगु बनाउने कामले पनि निरन्तरता पाइरहेकै हो।

जबकि विद्युत् आपूर्तिसम्बन्धी दीर्घकालीन र अल्पकालीन नीति निर्धारण गर्न सरकारलाई सिफारिस गर्ने, विद्युत् उत्पादन, प्रसारण र वितरण गरी विद्युत् आपूर्ति गर्ने, विद्युत् उत्पादन, प्रसारण र वितरणमा अनुसन्धान गर्नेलगायतका नीतिगत अधिकार ऐनमा छ (दफा १९)। तर यथार्थमा ठीक उल्टो भइरहेको छ।

आफूले अध्ययन गरेर निर्माण चरणमा पुर्‍याएका आयोजना राजनीतिक बाहुबलका आधारमा विदेशी कम्पनीलाई दिने, प्राधिकरणलाई विद्युत् आपूर्तिसम्बन्धी दीर्घकालीन नीति र योजना बनाउन नदिने, मन्त्रालय र मन्त्रीसँग निकट भएका एजेन्टका इशारामा कार्यनीति लागू गर्ने, महँगो अमेरिकी डलरमा पीपीए गर्ने, मन्त्री र निजको पार्टीले चाहेको र तोकेको आयोजना मात्र निर्माण गर्ने कार्य हुँदै आएको छ। मन्त्रीलाई यस्तो गलत कार्य गर्न-गराउन प्राधिकरण ऐनले नै हौसला दिएको छ (दफा २५)।

सरकारले आफ्नो नियन्त्रणमा राखी आफ्ना नीति र कार्यक्रम लागू गराउन राखिएको यो दफाको यसरी चरम दुरुपयोग भइरहेको छ। प्राधिकरणको अध्यक्ष भइसकेपछि मन्त्रीहरूमा यो मेरै बाबुको सम्पत्ति हो, मैले जे गरे पनि पाउँछु' भन्ने मानसिकताले काम गर्दो रहेछ। त्यसमाथि प्राधिकरणलाई आर्थिक उपार्जनको मुख्य साधनको रूपमा उपयोग गर्ने नियत भइसकेपछि कसैको केही नलाग्दो रहेछ।

यहीकारण अधिकांश ऊर्जामन्त्री आफै कार्यकारी निर्देशक बन्न खोज्छन्। पीपीए गर्ने, सरुवा गर्ने, बढुवा गर्ने, कार्य सम्पादन मूल्यांकन आफै गर्ने, ठेक्काका सर्त बदल्न लगाउने, कुन-कुन आयोजनामा कति बजेट छ भनी सुँघेर त्यहीअनुसार आफ्नो स्वार्थ समायोजन गर्ने, प्राधिकरण कर्मचारी विनियमावलीअनुसार भएका सरुवामा पनि नगर भनेर लिखित निर्देशन दिने कृत्य मन्त्रीको कार्यकारी बनेको रूप हो।

मन्त्रीकै आड र संरक्षणमा नेपाल सरकारका कर्मचारी कार्यकारी निर्देशक हुँदा पनि यो बेथितिले झन् प्र श्रय पाइरहेको अवस्था छ। सञ्चालक समितिबाट पारित नै नगराई, बिना कुनै निर्णय करोडौं रुपैयाँ भुक्तानी भएको हालसालै खुलेको छ।

चार सय किलोवाटका दुइटा माइक्रो हाइड्रोको मर्मतका नाममा दुई अर्ब रुपैयाँबराबरको स्वीकृति पनि सञ्चालक समितिको निर्णयबिना नै भए। ट्रान्सफरमर काण्डमा अख्तियारको फन्दाबाट जोगिन प्राधिकरणलाई करोडौं रुपैयाँ खर्च गराई कथित मध्यस्थता खडा गरेर निर्णयबिना नै डलरमा भुक्तानी हुँदासम्म पनि अख्तियार मौन रहेको छ।

अख्तियारको यो मौनताले प्राधिकरणभित्रका बेथिति र अनियमिततालाई थप मलजल गरिरहेको छ। यसरी देशको हित, जनताको सेवा र क्षेत्रको विकासका लागि कटिबद्ध हुनुपर्ने राजनीतिक नेतृत्व (मन्त्री) हरूले आफ्नो दायित्वप्रति उदासीन हुँदा दैनिक ११ घन्टाको लोडसेडिङ, ऊर्जा आयातमा निर्भरता र अन्ततः मुलुककै आर्थिक अवनति भइरहेको कसैबाट लुकेको छैन।

श्रोतः अभियान, २०७२/५/२

**प्राधिकरण ६ अर्ब खुद नोक्सानमा**

## जलाशययुक्त र नदी प्रवाहमा आधारित आयोजना प्राथमिकतामा

भदौ १, काठमाडौं । नेपाल विद्युत् प्राधिकरण आर्थिक वर्ष २०७१/७२ मा रू. ६ अर्ब ५१ करोड ४० हजार खुद नोक्सान बेहोरेको छ । भदौ १ गतेदेखि ३१ वर्ष लागेको प्राधिकरणको सञ्चित नोक्सानी भने २६ अर्ब ७९ करोड ८६ लाख रुपैयाँ पुगेको छ । अघिल्लो वर्ष प्राधिकरणको खुद नोक्सान ६ अर्ब ८० करोड थियो । मङ्गलवार आयोजित ३०औं वार्षिकोत्सवको अवसरमा वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेले विद्युत्को खरीद मूल्यभन्दा विक्री मूल्य कम हुँदा वित्तीय अवस्थामा सुधार आउन नसकेको बताए । 'थर्मल प्लाण्टको सञ्चालन, महँगो दरमा भारतबाट विद्युत् खरीद, कर्मचारी तथा सञ्चालन खर्चमा वृद्धि, मर्मतसम्भार खर्च र पेट्रोलियम पदार्थमा भएको वृद्धिले पनि कुल खर्च निरन्तर बढिरहेको छ,' उनले भने ।

प्राधिकरणले गत आवमा विद्युत् विक्रीबाट ३० खर्ब ४८ करोड र अन्य स्रोतबाट २ अब ८ करोड गरी ३२ अर्ब ५६ करोड रुपैयाँ कुल आम्दानी गरेको छ । प्राधिकरणले आगामी दिनमा जलाशययुक्त र नदी प्रवाहमा आधारित आयोजना प्राथमिकतामा दिने जानकारी दिएको छ । 'अहिले सञ्चालन र निर्माणमा रहेका अधिकांश आयोजना नदी प्रवाहमा आधारित रहेकाले मौसमी विद्युत् अभाव सधंै कायम रहने अवस्था अन्त्य गर्न पनि जलाशययुक्त आयोजनामा हामी केन्द्रित हुनेछौं,' काफ्लेले भने ।

कार्यक्रममा ऊर्जामन्त्री राधाकुमारी ज्ञवालीले प्राधिकरणलाई विभक्तीकरण गर्ने काम शुरू भइसकेको बताइन् । 'ग्रीड कम्पनी दर्ता भइसकेको र उत्पादन, वितरणजस्ता कामका लागि पनि प्रक्रिया बढाउनुपर्छ,' उनले भनिन् । बक्यौता उठाउन, विद्युत् चोरी नियन्त्रण गर्न र जोखीमयुक्त काम गर्ने कर्मचारीको सुरक्षमा ध्यान दिनुपर्नेमा उनले जोड दिइन् ।

सो अवसरमा कर्मचारी युनियनका नेताहरूले ऊर्जामन्त्री र प्राधिकरण नेतृत्वको चर्को विरोध गरेका छन् । राष्ट्रिय कर्मचारी सङ्घका अध्यक्ष सीताराम थापाले मन्त्रीको दैनिक काममा हुने हस्तक्षेपले प्राधिकरण धराशयी हुँदै गएको आरोप लगाए । त्यस्तै, नेपाल विद्युत् प्राधिकरण कर्मचारी सङ्घका अध्यक्ष जनार्दन भट्टराई, नेपाल राष्ट्रिय कर्मचारी सङ्गठनका खगेन्द्र शाही, कर्मचारी कल्याण परिषद्का अर्मतबहादुर खापुङ र नेपाल विद्युत् प्राधिकरण कर्मचारी युनियनका अध्यक्ष रामप्रसाद रिमालले पनि मन्त्रीको कार्यशैलीप्रति असन्तुष्टि जनाएका थिए ।

श्रोतः राजधानी, २०७२/५/२

## विद्युत् प्राधिकरणको वर्षकै घाटा साढे ६ अर्ब

## विद्युत्का लागि २० बर्से रणनीति ऊर्जामन्त्री

नेपाल विद्युत् प्राधिकरणको आर्थिक वर्ष २०७१÷०७२ को घाटा ६ अर्ब ५१ करोड ४० हजार रुपैयाँ भएको छ ।मंगलबार विद्युत् प्राधिकरणको वार्षिक प्रतिवेदन पेस गर्दै कार्यकारी निर्देशक मुकेशराज काफ्लेले सो जानकारी दिएका हुन् । प्रतिवेदनअनुसार, हालसम्मको सञ्चित घाटा २६ अर्ब ७९ करोड ८६ लाख रुपैयाँ पुगिसकेको छ । प्राधिकरणको आर्थिक वर्ष २०६७÷०६८ मा सरकारले २७ अर्ब रुपैयाँ घाटा अपलेखन गरेको थियो । त्यसपछि मात्र प्राधिकरणको घाटा झन्डै २७ अर्ब पुगेको छ ।

वार्षिक प्रतिवेदन अनुसार, अन्य स्रोतहरूबाट भएको आम्दानी २ अर्ब ८ करोड ५४ लाख रुपैयाँसहित प्राधिकरणको कुल आम्दानी आर्थिक वर्ष २०७१÷०७२ मा ३२ अर्ब ५६ करोड ८८ लाख रुपैयाँ पुगेको छ । त्यसैगरी प्राधिकरणको अघिल्लो वर्षसम्म सरकारप्रतिको दायित्व सेयर पुँजी ४९ अर्ब ६३ करोड १९ लाख रुपैयाँ पुगेको छ ।

प्राधिकरणका अनुसार, अघिल्लो आर्थिक वर्षमा ६ ओटा आयोजना निर्माण पूरा भई ४२ दशमलव १२ मेगावाट बिजुली थप भएको छ भने ४ सय ४२ मेगावाट बराबरका २३ आयोजनासँग विद्युत् खरिद सम्झौता (पीपीए) भएको छ । कार्यक्रममा कार्यकारी निर्देशक काफ्लेले प्रतिवेदन पेस गर्दै ग्राहकलाई प्रदान गरिने सेवालाई सर्वसुलभ बनाउन तथा गुनासो व्यवस्थापन गर्न ग्राहक सेवा स्थापना गरिने जानकारी दिएका थिए । उनले रिमोट मिटर रिडिङ प्रणाली र इन्टरनेटमा आधारित विलिङ प्रणालीलाई कार्यान्वयनमा ल्याइने पनि उद्घोष गरे ।

वार्षिक उत्सवको उद्घाटन गर्दै ऊर्जामन्त्री राधा ज्ञवालीले जलविद्युत्को समग्र विकासका लागि मन्त्रालयले २० बर्से विद्युत् रणनीति बनाइरहेको जानकारी दिए । उनले लोडसेडिङ अन्त्यका लागि सरकारले विशेष फोकस गरिरहेको बताइन् । प्राधिकरण सानातिना आयोजना छोडेर ठुला जलविद्युत् आयोजना निर्माणतर्फ केन्द्रित हुनुपर्ने बताइन् । कार्यक्रममा प्राधिकरणका उपकार्यकारी निर्देशक रामचन्द्र पाण्डे, विद्युत् प्राधिकरण युनियनका अध्यक्ष रामप्रसाद रिमाल, संघका अध्यक्ष जनार्दन भट्टराई, परिषद्का अध्यक्ष अमृतबहादुर खापुङ, संगठनका अध्यक्ष खगेन्द्र शाही, राष्ट्रिय संगठनका अध्यक्ष सीताराम थापालगायतले विद्युत् प्राधिकरणको अवस्था र भविष्यबारे चर्चा गरेका थिए ।

श्रोतः कान्तिपुर, २०७२/५/२

# ४ वर्षमै फेरि २७ अर्ब घाटामा विद्युत प्राधिकरण

चार वर्षअघि २७ अर्ब रुपैयाँ सञ्चित नोक्सानी अपलेखन गरी घाटारहित बनेको नेपाल विद्युत् प्राधिकरणले छोटो समयमै फेरि उत्ति नै नोक्सानी बेहोरेको छ।

प्राधिकरणको ३० औं वार्षिकोत्सवका अवसरमा प्रस्तुत गरिएको अपरिष्कृत वित्तीय विवरणअनुसार आर्थिक वर्ष २०७१/७२ मा भएको साढे ६ अर्ब रुपैयाँ खुद नोक्सानसहित करिब २७ अर्ब रुपैयाँ सञ्चित नोक्सानी भइसकेको छ।
घाटा अत्यधिक भएपछि सरकारले चार वर्षअघि प्राधिकरणको २७ अर्ब रुपैयाँ सञ्चित नोक्सान अपलेखन गरी सेयरमा पुँजीकृत गरिदिएको थियो। तर त्यसपछि लगत्तै ९ अर्ब रुपैयाँ नोक्सानी बेहोरेको थियो। आर्थिक वर्ष २०६९/७० मा करिब ४ अर्ब, २०७०/७१ मा सात अर्ब घाटा बेहोरेको थियो। अपरिष्कृत वित्तीय विवरणअनुसार आर्थिक वर्ष २०७१/७२ मा ६ अर्ब ५१ करोड रुपैयाँ घाटा भएको छ। यो रकमसहित प्राधिकरणको सञ्चित नोक्सानी २६ अर्ब ७९ करोड ८६ लाख रुपैयाँ पुगेको हो।
प्राधिकरण कार्यकारी निर्देशक मुकेशराज काफ्लेले विद्युत्को प्रतियुनिट परल मूल्य र बिक्री मूल्यमा समञ्जस्यता नभएकाले घाटामा गएको बताए। 'सञ्चालन खर्च र ह्रासबाहेक नै प्रतियुनिट मूल्य ८ रुपैयाँ १४ पैसा पर्छ,' उनले भने, 'विद्युत्को खरिददर बर्सेनि बढ्दै जाने तर त्यसअनुसार बिक्री दर दशकौंसम्म पुनरावलोकन नहुँदा प्राधिकरण घाटामा गएको हो।' प्राधिकरणलगायत विभिन्न राजनीतिक दलले विद्युत् महसुल बढाउन सुझाव दिँदै आएका छन्। तर सत्ताको राजनीतिक दाउपेचका कारण महसुल वृद्धि गर्ने विषय ओझेलमा पर्दै आएको छ। दुई वर्षअघि महसुलमा नगन्य वृद्धि गरिएको थियो। तर त्यसले प्राधिकरणको घाटालाई थेग्न सकेको छैन। काफ्ले प्राधिकरणको घाटा पूर्ति गर्न समयसापेक्ष विद्युत् महसुल दरमा पुनरावलोकन गर्नुको विकल्प नरहेको दाबी गरे। वार्षिकोत्सवमा प्रस्तुत प्रतिवेदनअनुसार गत आर्थिक वर्षसम्म प्राधिकरणको सम्पत्ति करिब १ खर्ब ५९ अर्ब ९७ करोड ८७ लाख रुपैयाँ छ।
कुल दायित्व करिब १ खर्ब ५७ अर्ब १ करोड ४० लाख रुपैयाँ छ। प्राधिकरणको सम्पत्ति, प्लान्ट र उपकरणको पुँजीकृत रकम करिब ८४ अर्ब ३६ करोड ८७ लाख रुपैयाँ छ। चालू पुँजीगत कार्यअन्तर्गत करिब ५९ अर्ब ७ करोड ८ लाख रुपैयाँ र विभिन्न कम्पनीमा करिब १६ अर्ब ५७ करोड रुपैयाँ छ।
प्राधिकरणले सरकारसँग करिब ९४ अर्ब ४ करोड १४ लाख रुपैयाँ ऋण लिएको छ। त्यसमा प्राधिकरणले ५ प्रतिशत ब्याज तिर्नेगर्छ। सरकारी ऋणबाहेक प्राधिकरणले तिर्नुपर्ने चालू दायित्व ६२ अर्ब २७ करोड ९४ लाख रुपैयाँ छ। प्राधिकरणमा सरकारको करिब ४९ अर्ब ६३ करोड १९ लाख रुपैयाँ सेयर लगानी छ।
वित्तीय अवस्था नकारात्मक हुँदाहुँदै पनि गत आर्थिक वर्ष प्राधिकरणले दैनिक लोडसेडिङ औसत १ घण्टा घटाउन सफल भएको काफ्लेले जानकारी दिए। प्राधिकरणले आन्तरिक वितरण प्रणाली व्यवस्थापन गरी दैनिक लोडसेडिङ औसत १२ घण्टाबाट ११ घण्टामा झारेको हो। त्यस्तै गत आर्थिक वर्ष निजी क्षेत्रबाट ६

जलविद्युत् आयोजना निर्माण सम्पन्न भई ४२ दशमलव १२ मेगावाट राष्ट्रिय प्रसारण प्रणालीमा थपियो। यससहित निजी क्षेत्रबाट सञ्चालित जलविद्युत् आयोजनाको संख्या ४४ र जडित क्षमता २ सय ९२ दशमलव ८२ मेगावाट पुगेको छ।

श्रोतः  कान्तिपुर,  २०७२/५/२

# ऊर्जामन्त्री विरुद्ध खनिए कर्मचारी

*विद्युत् प्राधिकरण ३१ औं वर्षमा*

वार्षिकोत्सवमा प्राधिकरण सञ्चालक समिति अध्यक्षको हैसियतमा सहभागी भएकी ऊर्जामन्त्री राधा ज्ञवालीलाई कर्मचारी संगठनका प्रतिनिधिले चर्को विरोध गरे।राष्ट्रिय कर्मचारी संगठनका अध्यक्ष सीताराम थापाले ऊर्जामन्त्री ज्ञवालीले म्याद थप्न नमिल्ने त्रिशूली थ्री ए को म्याद थपेको, कर्मचारी सरुवा, बढुवा गरेको, पीपीएमा चलखेल गरेको, व्यवस्थापनको अधिकार खोसी खरिद बिक्रीमा सहभागी भएकोलगायत दर्जनौं गलत काम गरेको आरोप लगाए। ‘सबै अधिकार आफूले राखी कार्यकारी निर्देशकलाई काम गरेन भन्ने?’ उनले भने। त्यसपछि ऊर्जामन्त्री ज्ञवाली हतार भएको भन्दै समय मागेर मन्तव्य राखी कार्यक्रमबाट बाहिरिएकी थिइन्।

उद्घोषकले ऊर्जामन्त्री ज्ञवालीलाई हतार भएको भन्दै मन्तव्य राखेर बाहिरिने बताएपछि कार्यक्रममा उपस्थित कर्मचारीले ‘हुँदैन’ भन्दै हुटिङ गरेका थिए।

ज्ञवाली हिँडेपछि बाँकी रहेका ४ वटै कर्मचारी संगठनका प्रतिनिधिले उनको विरोध गरेका थिए।

श्रोतः समाचार पत्र, २०७२/५/२

# चमेलिया विद्युत् आयोजनाका कारण सुदूरपश्चिमका बासिन्दा अन्धकारमा

हेमन्त पौडेल

चमेलिया विद्युत् आयोजनाका कारण सुदूरपश्चिमका बासिन्दा अन्धकारमा बस्नुपर्ने अवस्था सिर्जना भएको छ। आयोजनाको वेवास्थाका कारण डडेल्धुराको केही क्षेत्रमा १३२ केभीएको प्रसारणलाइन विस्तारमा गरेको ढिलाईले सुदूरपश्चिमबासी अन्धकारमा बस्नुपरेको हो।
दार्चुलाको देहथला गाविसको नवगाढमा उत्पादन गरेको साढे ८ मेगावाट विद्युत् १३२ केभी प्रसारणलाइन नभएकाले कैलालीको अत्तरिया ग्रिडमा जोड्न नसक्दा विद्युत् भएर पनि सुदूरपश्चिमबासीले बत्ति बाल्न पाएका छैनन्। डडेल्धुराको अमरगढी नगरपालिका ७ को केही स्थानमा मुआब्जाको विषयलाई लिएर विवाद भएपछि प्रसारणलाइन विस्तारमा समस्या भएको थियो तर आयोजनाले यसलाई गम्भिरताका साथ नलिएकाले मुआब्जा वितरणमा ढिलाइ भएको थियो। तर, डडेल्धुरामा गत साता भएको सर्वपक्षीय भेलाले तत्काल प्रसारणलाइन विस्तार गर्न चमेलिया आयोजनालाई निर्देशन दिएको थियो। आयोजनाका उपप्रमुख अजय दाहालको उपस्थितिमा सो क्षेत्रको वस्तुस्थितिका बारेमा छलफल भएपछि प्रसारणलाइन विस्तारका लागि ठेकेदार कम्पनीलाई बोलाई काममा लगाउन प्रमुख जिल्ला अधिकारीले निर्देशन दिनुभएको थियो।
आयोजना प्रमुख र उपप्रमुख हाल काठमाडौंमा भएकाले प्रसारणलाइन विस्तारको काम के भइरहेको छ भन्ने बारेमा स्थानीयलाई कुनै जानकारी दिएका छैनन्। तत्काल काम शुरू गर्ने भन्दै भेलाबाट निस्किएका उपप्रमुख दाहाल सम्पर्क विहीन भएको स्थानीयको भनाइ छ। आयोजना प्रमुख र उपप्रमुखको लापरबाहीले समयमा प्रसारणलाइनको काम हुन नसकेको डडेल्धुराका कमलसिंह साहुले बताउनुभयो।
पूर्वतिर समस्या भएको भए तत्काल काम बन्ने थियो तर सुदूरपश्चितिर भएकाले आयोजना प्रमुखले पनि हेला गर्नुभएको छ अर्का स्थानीय बासिन्दा रामबहादुर साउदले बताउनुभयो। सुदूरपश्चिका बासिन्दाको धैर्यतालाई कमजोरी ठानेर आयोजना प्रमुखले ठेकेदार कम्पनीलाई काम गराउनेमा तदारूपता देखिएको छैन उहाँले भन्नुभयो। चमेलिया विद्युत अयोजनाको ९४ प्रतिशत काम सकिएको ४ वर्ष बितिसक्दा पनि बाँकी ६ प्रतिशत कामलाई अघि बढाउन आयोजना प्रमुख लाग्नुभएको छैन। ६ महिना अघि संसदको सार्वजनिक लेखा समितिले आयोजनाको लागत बढाउने उद्देश्यले चमेलिया विद्युत आयोजनाको काम अघि नबढाएको प्रतिवेदन दिएको थियो। सबैको चासोको विषय बनेको चमेलिया अयोजनाको लागत बढाउन र आर्थिक चलखेल गर्न आयोजना प्रमुखसहितका कर्मचारी सामान्य विवाद भएको ठाउमा पनि काम अघि नबढाएको आरोप सुदूरपश्चिमबासीको छ। गत ४ वर्षदेखि प्रसारणलाइनका लागि करिब ३८ वटा पोलमा तार नतान्दा चमेलिया आयोजनाका साथै अपी हाइड्रो पावरको पुरै आयोजना प्रभावित भएको छ। ३० मेगावाट क्षमताको चमेलिया विद्युत आयोजना ४ वर्षमा निर्माण भइसक्नुपर्नेमा ८ वर्ष वितिसक्दासमेत पूरा हुन नसक्नु विद्युत प्राधिकरणको कमजोरी भएको दार्चुलाका देवबहादुर धामीले बताउनुभयो। उहाँका अनुसार चमेलिया विद्युत आयोजना सबैको मागीखाने भाँडो भएको छ। हाल आयोजना प्रमुख र उपप्रमुख अख्तियारको तारेख भन्दै काठमाडौं बस्दै आउनुभएको छ। उहाँ दुवैजना सम्पर्कभन्दा बाहिर बसेकाले स्थानीय बासिन्दा आक्रोशित बनेका छन्।

श्रोतः नेपाल समाचार पत्र, २०७२/५/२

## प्राधिकरणको घाटा फेरि करिब २७ अर्ब

नेपाल विद्युत् प्राधिकरण अहिलेसम्म २६ अर्ब ७९ करोड ८६ लाख २० रुपियाँ घाटामा गएको छ। जसमध्ये आर्थिक वर्ष २०७१/७२ मा मात्रै ६ अर्ब ५१ करोड ४० हजार रुपियाँ घाटा भएको प्राधिकरणले जनाएको छ। ३०औं वार्षिकोत्सवका अवसरमा प्राधिकरणले मंगलबार सार्वजनिक गरेको तथ्यांकअनुसार उक्त सार्वजनिक भएको हो। यसअघिको २७ अर्ब रुपियाँ घाटालाई सरकारले अपलेखन गरी शून्यमा झारेको भए पनि करिब चार वर्षपछि त्यति नै रकम घाटा भएको तथ्यांक सार्वजनिक गरिएको छ। आर्थिक वर्ष २०७१/७२ मा प्राधिकरणको खुद आम्दानी भने ३० अर्ब ४८ करोड ३४ लाख ६० हजार रुपियाँ भएको थियो। तर, विद्युत् चुहावट महँगोमा खरिद गरी सस्तोमा बेच्नुलगायतका कारण प्राधिकरणको घाटा बढेको प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेको भनाइ छ। वार्षिक सय मेगावाटको दरमा विद्युत् माग वृद्धि हुँदै जाँदा हाल कुल विद्यत् माग १२९१ मेगावाट रहेको छ। तर, प्राधिकरणको ७०६ मेगावाट, निजी क्षेत्रको १२४ मेगावाट, भारतबाट २२४ मेगावाट विद्युत् आयात गर्दा कुल ११५४ मेगावाटमात्रै आपूर्ति हुँदै आएको छ।

अघिल्लो आवमा २४.६४ प्रतिशत कुल चुहावट रहेको भए पनि आव २०७१/७२ मा ०.२० प्रतिशतमात्रै चुहावट नियन्त्रण भएको छ। प्राधिकरणको ग्राहक संख्या पनि ५.७५ प्रतिशतले वृद्धि भई २८ लाख ७० हजार पुगेको छ। जसमध्ये घरेलु ९४.३४ प्रतिशत, औद्योगिक १.४८ प्रतिशत र अन्य ४.१८ प्रतिशत रहेको छ। खपतका आधारमा क्रमशः ४४.७८ प्रतिशत, ३६.३१ प्रतिशत र १८.९२ प्रतिशत रहेको छ। प्राधिकरणले आगामी हिउँदमा १३ घन्टा पुग्ने प्रक्षेपण गरेको छ। भूकम्प र बाढीपहिरोका कारण सय मेगावाट विद्युत् केन्द्रीय प्रसारण ल्याउन सकेको छैन तर कुल १४० मेगावाट विद्युत् थप हुने अनुमान गरिएको छ। निजी क्षेत्रले निर्माण गरिरहेको ५० मेगावाट क्षमताको माथिल्लो मस्र्याङ्दी 'ए' चालू आवभित्रै सम्पन्न हुनेमा प्राधिकरणको आशा छ।

यसैबीच वार्षिकोत्सव कार्यक्रमलाई सम्बोधन गर्दै ऊर्जामन्त्री राधाकुमारी ज्ञवालीले संसदीय समितिबाट अनावश्यक हस्तक्षेप भइरहेको आरोप लगाउनुभएको छ। उहाँले त्यस्ता हस्तक्षेपले कार्यकारी भूमिकामा रहेका संस्थाले काम गर्न नसक्ने भन्दै यस विषयमा आफूले सभामुखको ध्यानाकर्षण गराएको जानकारी दिनुभयो। मन्त्री ज्ञवालीले हाल अभाव भएको मिटरबक्स र ट्रान्सफर्मर प्रक्रियाबाट ल्याउँदा समय लाग्ने भन्दै सरकारी तह (जिटुजी) मै कुरा गरेर ल्याउनुपर्ने बताउनुभएको छ 'जिटुजी लेभलमा नै कुरा गरेर ट्रान्सफर्मर र मिटरबक्स ल्याउन मैले विद्युत प्राधिकरणका कार्यकारी निर्देशकलाई भनिसकेकी छु, कम्तिमा ३० हजार मिटरबक्स र आवश्यक ट्रान्सफर्मर त्यसरी ल्याउने तयारी गर्नुस भनेर मैले भनेकी हुँ।' मन्त्री ज्ञवालीले भन्नुभयो– 'भारत र चीनबाट त्यसरी ट्रान्सफर्मर ल्याउन सकिन्छ। अहिले पाँचलाख मिटरबक्स र १२ सय ट्रान्सफर्मरको आवश्यकता छ।'

त्यस्तै नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेले गत आर्थिक वर्षमा शून्य दशमलव २ प्रतिशतले चुहावट नियन्त्रण गर्न सफल भएको भन्दै अहिले २४.४४ प्रतिशत बिजुली चुहावट रहेको बताउनुभयो। लामो समयसम्म स्थानीय बासिन्दाको अवरोधका कारण अगाडि बढ्न नसकेको खिम्ती–ढल्केवर प्रसारणलाइन अगाडि बढेको जानकारी दिनुभयो। कार्यक्रममा राष्ट्रिय कर्मचारी युनियनका प्रतिनिधिले डलरमा विद्युत खरिद सम्झौता (पीपीए) नगर्न सरोकार पक्षसँग आग्रह गरेका थिए।

श्रोतः नेपाल समाचार पत्र, २०७२/५/२

# काबेली करिडोरमा १३२ केभीए लाइन निर्माण

नेपाल विद्युत् प्राधिकरणले १ सय ३२ केभीए क्षमताको काबेली करिडोर प्रसारणलाइन निर्माण पूरा गरी मंगलबार परीक्षण प्रसारण गरिएको छ। उक्त प्रसारणलाइन निर्माणसंँगै इलाममा सानिमामाई हाइड्रोपावरद्वारा उत्पादित २२ मेगावाट विद्युत् राष्ट्रिय प्रसारणलाइनमा जोडिने भएको छ।

स्थानीय गोदकदेखि दमकसम्मको ३४ किलोमिटर लाइन प्रसारणलाइन प्राधिकरणले निर्माण गरेको हो। एक वर्षअघि नै निर्माण सम्पन्न भएको सानिमामाईले प्रसारणलाइन नहुँदा व्यावसायिक उत्पादन गर्न सकिरहेको थिएन। तर, प्राधिकरणले अन्तरिम व्यवस्था गरी सानिमामाईको विद्युत् गोदक सबस्टेसनसम्म र त्यहाँबाट ४ सय मिटर पर पुवा सबस्टेसनसम्म पुर्याइ त्यहाँबाट ३३ केभीएको तिलकेनी अनारमनीसम्म पुर्याइ राष्ट्रिय प्रसारणमा जोडिएको थियो। जसबाट करिब ४ मेगावाट विद्युत्मात्रै वितरण गर्न सम्भव भएको।

काबेली करिडोरको दमकसम्मको भाग निर्माण हुँदा पाँचथर र इलामका सानिमार्माइ बाहेक १० मेगावाटको अपरमाई, ४.२ मेगावाटको माई, ६ मेगावाटको पुवा, ३ मेगावाटको अपर पुवा र ८ मेगावाटको जोगमाई आयोजनालाई फाइदा भएको छ। गरैआवासीय नेपालीद्वारा प्रवद्र्धित सानिमामाई कम्पनीले माई आयोजनाकै क्याक्सेड आयोजनाका रूपमा ७ मेगावाटको अर्को आयोजना ४ सय १५ मेगावाटको माथिल्लो तमोर, २८ मेगावाटको तल्लो लिखू र ७५ मेगावाटको मिडिल तमोर आयोजनाको काम पनि अगाडि बढाएको छ।

श्रोतः अन्नपुर्ण पोष्ट, २०७२/५/२

# प्राधिकरणको ६६ प्रतिशत आय बिजुली खरिदमा

विद्युत् प्राधिकरणले कुल आम्दानीको ६६.५ प्रतिशत निजी क्षेत्र र भारतबाट आयातीत बिजुलीलाई भुक्तानी गर्दा यो वर्ष झन्डै साढे ६ अर्ब रुपैयाँ घाटा बेहोरेको छ। योसहित प्राधिकरणको सञ्चित नोक्सानी २६ अर्ब ७९ करोड रुपैयाँ पुगेको छ।

प्राधिकरणले कुल २९ अर्ब ८७ करोड रुपैयाँ बराबरको बिजुली बिक्री गर्दा निजी क्षेत्र र भारतलाई मात्र १९ अर्ब ८४ करोड रुपैयाँ भुक्तानी गरेको हो। प्राधिकरणले निजी क्षेत्रबाट एक सय २४ मेगावाट र भारतबाट दुई सय २४ मेगावाट (एक अर्ब ३६ करोड युनिट) गरी तीन सय ४८ मेगावाट विद्युत् खरिद गरेको थियो।
गत वर्ष प्राधिकरणले आफ्नै विद्युत्गृहबाट तीन सय ५७ मेगावाट बिजुली उत्पादन गरेको थियो। प्राधिकरणको मंगलबार आयोजित ३० औं वार्षिक कार्यक्रममा प्रतिवेदन पेस गर्दै कार्यकारी निर्देशक मुकेशराज काफ्लेले विद्युत्को आन्तरिक लगतमा वृद्धि, विद्युत् खरिद दर वार्षिक रूपमा निश्चित प्रतिशतले वृद्धि हुने व्यवस्था, थर्मल प्लान्ट सञ्चालन, महँगो दरमा भारतबाट बिजुली खरीद, कर्मचारी एवं सञ्चालन खर्चमा वृद्धि, मर्मत सम्भार खर्चमा वृद्धिका कारण घाटा उच्च भएको बताए।
'सञ्चालन खर्च र ह्रासबाहेक नै विद्यमान विद्युत्को औसत मूल्य प्रतियुनिट आठ रुपैयाँ १४ पैसा रहेकोमा विद्युत् बिक्रीको आम्दानीले मात्र संस्थाको वित्तीय अवस्थामा सुधारको सम्भावना देखिँदैन,' काफ्लेको प्रतिवेदनमा छ।आर्थिक वर्ष २०७१÷७२ को अन्त्यसम्ममा प्राधिकरणको नेपाल सरकारप्रतिको दायित्व सेयर पुँजीका रूपमा ४९ अर्ब ६३ करोड रुपैयाँ र दीर्घकालीन ऋणका रूपमा ९४ अर्ब ४ करोड रुपैयाँ पुगेको छ।

प्राधिकरणले बिजुली बेचेर मात्र नभइ जलविद्युत् आयोजनामा अनुमानभन्दा बढी लगानी गर्नु परेका कारण पनि घाटा उच्च हुँदै गएको हो। दुई वर्षअघि वार्षिक चार अर्ब रुपैयाँ मात्र घाटा हुने गरी विद्युत् महसुल वृद्धि गरिए पनि पुनः घाटा दुई अर्ब रुपैयाँ थपिएको छ। आठ वर्षअघि सुरु भएको कुलेखानी तेस्रो (१४ मेगावाट) चालू आर्थिक वर्षको अन्त्यसम्ममा सकिने आशा प्राधिकरणको छ।

हालसम्म कुलेखानी तेस्रोको सिभिलतर्फ जम्मा ९२ मेगावाट तथा इलेक्ट्रो-मेकानिकलतर्फ करिब ४५ प्रतिशत काम मात्र पूरा भएको छ। कुलेखानी मात्र होइन, चमेलिया (३० मेगावाट), त्रिशूली थ्री ए (६० मेगावाट) र राहुघाट (३२ मेगावाट) आयोजना पनि निर्धारित समयमा पूरा नभएर लागत बढिरहेको छ।

**प्राधिकरणले बिजुली बेचेर मात्र नभइ जलविद्युत् आयोजनामा अनुमानभन्दा बढी लगानी गर्नु परेका कारण पनि घाटा उच्च हुँदै गएको हो। दुई वर्षअघि वार्षिक चार अर्ब रुपैयाँ मात्र घाटा हुने गरी विद्युत् महसुल वृद्धि गरिए पनि पुनः घाटा दुई अर्ब रुपैयाँ थपिएको छ।**

प्राधिकरणको घाटा बढाउने अर्को प्रमुख कारक विद्युत् चुहावट हो। प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७१÷७२ को अन्त्यसम्ममा प्राधिकरणको विद्युत् चुहावट २४.४४ प्रतिशत छ। गत वर्षको तुलनामा यो शून्य दशमलब दुई प्रतिशत कम हो । प्राधिकरणको कुल जडित क्षमतामा चुहावट मात्रै एक सय ९१ मेगावाट बराबर हो।

प्राधिकरणले बिक्री गरेको कुल तीन अर्ब ७४ करोड युनिट बिजुलीमध्ये करिब ९२ करोड युनिट बिजुली चुहावट हो। प्राधिकरणको औसत बिक्रीदर प्रतियुनिट आठ रुपैयाँ १४ पैसाका हिसाबले पनि यो सात अर्ब ४४ करोड रुपैयाँ हुन आउँछ।

ऊर्जा मन्त्री एवं प्राधिकरण अध्यक्ष राधाकुमारी ज्ञवालीले संसदीय समितिले अनावश्यक हस्तक्षेप गरेको आरोप लगाइन्।उनले संसदीय समितिहरूले हस्तक्षेप गरेर काम गर्न नसकेको भन्दै सभामुख समक्ष सहजीकरणका लागि आफूले प्रयत्न गरेको बताइन्।

प्राधिकरणका कर्मचारी युनियनले प्राधिकरणमा हुने राजनीतिक हस्तक्षेपका कारण घाटा उच्च भएको आरोप लगाएका छन्। प्राधिकरण कर्मचारी संघका अध्यक्ष रामप्रसाद रिमालले प्राधिकरणलाई सस्तो आयोजना बनाउन नदिने, महँगो लागत पारिएका आयोजनाको अमेरिकी डलरमा विद्युत् खरिद सम्झौता (पीपीए) गर्न लगाएर घाटा पारिएको बताए।

'आँधीखोला जस्तो प्राधिकरणका लागि मिलेर बनाउँदा हित नगर्ने आयोजना अघि बढाइएको छ,' उनले भने, 'माथिल्लो त्रिशूली १ जस्तो महँगो लागत देखाएर पीपीए हुँदैछ।'प्राधिकरणको राष्ट्रिय कर्मचारी संगठनका अध्यक्ष सीताराम थापाले ऊर्जा मन्त्रीले आफ्ना कार्यकर्तालाई जागिर खुवाउन बूढीगण्डकी, नलसिंहगाड जस्ता राम्रा आयोजना प्राधिकरणबाट थुतेर विकास समिति बनाएको बताए।

'हामी सक्षम छौं, केबल राजनीतिक हस्तक्षेपले प्राधिकरणलाई असफल पारिएको छ,' थापाले भने।नेपाल कर्मचारी युनियनका अध्यक्ष जनार्दन भट्टराईले ऊर्जा मन्त्रीलाई प्राधिकरण सञ्चालक समितिको अध्यक्ष रहने अधिकार नभएको बताए।

प्राधिकरणले बिजुली बेचेर मात्र नभइ जलविद्युत् आयोजनामा अनुमानभन्दा बढी लगानी गर्नु परेका कारण पनि घाटा उच्च हुँदै गएको छ। दुई वर्षअघि वार्षिक चार अर्ब रुपैयाँ मात्र घाटा हुने गरी विद्युत् महसुल वृद्धि गरिए पनि पुनः घाटा दुई अर्ब रुपैयाँ थपिएको छ।

श्रोतः नेपाल समाचार पत्र, २०७२/५/३

## प्राधिकरण प्रमुखको काम मूल्यांकन गर्न विज्ञ समूह

ऊर्जा मन्त्रालयले विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेको कार्यसम्पादन मूल्यांकन गर्न स्वतन्त्र विज्ञ समूह गठन गरेको छ । समूहमा पूर्वऊर्जासचिव बालानन्द पौडेल, सिभिल इन्जिनियर बलबहादुर पराजुली र अधिवक्ता टंक दुलाल छन् ।

ऊर्जामन्त्री राधाकुमारी ज्ञवालीले १४ दिनको कार्यादेश दिएर २८ साउनमा विज्ञ समूह गठन गरेकी हुन् । मन्त्रीको निर्णयपछि नै काम गरिरहेको भए पनि उनीहरूले बुधबार नियुक्तिपत्र बुझेको मन्त्रालय स्रोतले बतायो । यसअघि ऊर्जासचिव राजेन्द्रकिशोर क्षेत्री, मन्त्रालयका सहसचिव समीररत्न शाक्य र विद्युत् विकास विभागका महानिर्देशक दिनेशकुमार घिमिरे रहेको टोलीले कार्यकारी निर्देशक काफ्लेको कार्यसम्पादन मूल्यांकन गरेका थिए । समितिले काफ्लेको ३ र ६ महिनाको कार्यसम्पादनको मूल्यांकन गरी १ सय पूर्णाङ्कमा ४८ अंक प्रदान गरेको थियो ।

समितिले गरेको मूल्यांकनमा काफ्लेले लिखित प्रतिक्रिया दिएपछि करारमा भएको व्यवस्थाअनुसार स्वतन्त्र मूल्यांकन गर्न विज्ञ समूह गठन गरिएको हो । 'विज्ञ समूहले गरेको मूल्यांकनका आधारमा काफ्ले पदमै रहने/नरहने निक्र्योल हुनेछ,' मन्त्रालय स्रोतले भन्यो ।

ऊर्जामन्त्री एवं प्राधिकरण सञ्चालक समितिकी अध्यक्ष ज्ञवाली र कार्यकारी काफ्लेबीचको सम्बन्ध पछिल्लो समयमा बिग्रिएको छ । यसले गर्दा मन्त्रीले काफ्लेलाई हटाउने सम्भावना रहेको स्रोतले बतायो । मन्त्रालय र काफ्लेबीच भएको करारनामा ५० प्रतिशतभन्दा कम प्रगति भएमा हटाउन सकिने, ५०–७० प्रतिशतसम्म प्रगति भएमा सच्याउनका लागि अवसर दिइने र ७० प्रतिशतभन्दा बढी भएमा प्रोत्साहन भत्ता पाउने व्यवस्था छ । मन्त्रालयले प्राधिकरण सुधार योजनासहित काफ्लेसँग १३ कात्तिकमा कार्यसम्पादन करार गरेको थियो ।

श्रोतः नागरिक, २०७२/५/४

स्थानी र कानुनी प्रक्रियाले प्रसारण लाइनमा ढिलाइ

उपेन्द्र यादव

हेटौंडा–भरतपुर र भरतपुर–बर्दघाट २२० केभिए प्रसारण लाइन आयोजना सम्पन्न गर्ने तोकिएको समय बितेको तीन वर्ष भइसके पनि एक तिहाइभन्दा बढी काम अझै बाँकी छ। स्थानीयको अहसयोग र कानुनी प्रक्रियाले लामो समय लिँदा अझसम्म आयोजना सम्पन्न हुन नसकेको सम्बद्ध अधिकारीको भनाइ छ।

विश्व बैंक र नेपाल सरकारको संयुक्त लगानीमा निर्माणाधीन हेटौंडा–भरतपुर खण्डको काम २०६९ सालमा सक्ने गरी २०६६ मा थालिएको थियो। हालसम्म ६० देखि ६५ प्रतिशतमात्र काम सकिएको आयोजनाका अधिकारी बताउँछन्।

७५ किलोमिटर डबल सर्किट प्रसारण लाइन विस्तार गर्न सुरुमा दुई करोड ४२ लाख अमेरिकी डलर अनुमान गरिए पनि ढिलो हुँदा लागत बढेको छ। अहिले आर्थिक वर्ष २०७२/०७३ मा सम्पन्न गर्ने लक्ष्य राखेर काम भइरहेको आयोजनाका अधिकारीले बताए।

भरतपुर–बर्दघाट खण्डको हालत पनि उस्तै छ। यहाँ ७३ किलोमिटर डबल सर्किट प्रसारण लाइन विस्तार गर्न सुरुमा १ करोड ७० लाख डलर अनुमान गरिएको थियो।

मुआब्जा वितरणमा ढिलाइ, आयोजनाका अधिकारीको लापरबाही र वन क्षेत्रभित्र टावर खडा गर्नुअघि पूरा गर्नुपर्ने कानुनी प्रक्रियाले काममा ढिलाइ भएको स्रोतको भनाइ छ। पूर्व–पश्चिम प्रसारण क्षमता बढाउने उद्देश्यले नेपाल विद्युत प्राधिकरणले हेटौंडा–भरतपुर र भरतपुर–बर्दघाट खण्डको काम विश्व बैंकको सहयोगमा सुरु गरेको थियो। प्रसारण लाइन विस्तार सुरु भएको ६ वर्ष बितिसकेको छ।

आयोजना अन्तर्गत धेरै क्षेत्रफल परेपछि प्राधिकरणले हेटौंडा–बर्दघाट प्रसारण लाइनलाई दुई भागमा विभाजन गरी काम गरेको थियो। तैपनि सोचे जस्तो प्रगति नभएको आयोजनाका अधिकारीहरुले स्वीकारे।

हेटौंडा–भरतपुर ७५ किलोमिटर र भरतपुर–बर्दघाट ७३ किलोमिटरको लागि दुई छुट्टै आयोजना बनाएर काम गरे पनि दुवैतिर ६५ प्रतिशत जति मात्र सकिएको आयोजना प्रमुख खरिन्द्र जोशीले बताए।

९० वटा टावर फाउन्डेसनको काम सकिएको र ३५ वटा ठड्याउने काम भइरहेको उनले बताए। खडा गर्नुपर्ने २ सय २६ टावरमध्ये १ सय ९० वटा सामुदायिक वन क्षेत्रमा पर्छ। प्रसारण लाइनले मकवानपुर र चितवनमा गरी १ सय ९८ हेक्टर जग्गा ओगट्छ। टावर खडा गर्न मकवानपुरमा २४ हजार ४ सय रुख काटिएको छ।

भरतपुर–बर्दघाट प्रसारण लाइन आयोजना प्रमुख सुभाषकुमार मिश्रले वन क्षेत्रको जग्गाको कानुनी प्रक्रियाले काम ढिलो भएको बताए। वन क्षेत्रको रुख काट्न कम्तीमा २ वर्ष कानुनी प्रक्रियामै सकिएको र स्थानीयले जग्गा दिन आनाकानी गरेकाले ढिलो भएको उनले बताए।

मिश्रले प्रसारण लाइन विस्तारमा ७५ प्रतिशत वनको क्षेत्र र २५ प्रतिशत निजी जग्ग्ा पर्ने बताए। मुख्य निर्माणको काम ९० प्रतिशत बाँकी छ। रुख कटानको काम पनि ६० प्रतिशत बाँकी रहेको उनले बताए।

प्रधिकरणको प्रसारण निर्देशानलयका उपकार्यकारी निर्देशक कन्हैयाकुमार मानन्धरले राज्यको नीति र स्थानीयको अवरोधका कारण ढिलो भएको दाबी गरे। मुलुकमा निर्माणाधीन प्रसारण लाइनमध्ये हेटौंडा–बर्दघाटको काम सन्तोषजनक रहेको उनले दाबी गरे। निर्माणाधीन प्रसारण लाइनको काम छिटोभन्दा छिटो सक्न विभिन्न मन्त्रालयसँग समन्वय भइरहेको उनले जानकारी दिए।

सरकारले राष्ट्रिय विद्युत संकट निरुपण कार्ययोजना जारी गरी उच्च प्राथमिकताका साथ सञ्चालन गरेको आयोजनामध्ये हेटौंडा–बर्दघाट पनि एक हो। मुआब्जा र रुख कटानमा भएको ढिलाइले लक्ष्यअनुरुप काम हुन नसकेको आयोजनाले जनाएको छ।

**कुलेखानीमा दुई वर्षदेखि अवरोध**

स्थानीयको अवरोधले हेटौंडा–कुलेखानी दोस्रो चिउटाटार १३२ केभिए प्रसारण लाइनको तार टाँग्ने काम २ वर्षदेखि प्रभावित भएको छ।

स्थानीयले अनावश्यक माग राखेर अवरोध गरेको र स्थानीय प्रशासनले समेत चासो नदेखाउँदा ठेकेदारले काम गर्न नसकेको प्रसारण लाइन आयोजनाका अधिकारीले बताए। आयोजना प्रमुख केदारराज सिलवालले २०४२ सालमा निर्माण भएको टावरको अर्कापट्टि तार तान्ने काममा स्थानीयले अवरोध गरेको बताए।

२०४२ सालमा खडा गरिएका टावरको एकापट्टि उही बेला तार टाँगिएएको थियो। अर्कापट्टि टाँग्न खोज्दा स्थानीयले मुआब्जा वा क्षतिपूर्ति माग्दै अवरोध गरेका हुन्। यसो गर्नु गैरकानुनी भएको सिलवाल बताउँछन्।

२०४२ सालमा टावरले ओगट्ने जग्ग्ाको मुआब्जा दिने नियम रहेकोले त्यही आधारमा जग्गा लिएर टावर खडा गरेको उनले बताए। विद्युत प्राधिकरणले टावरले ओगटेको र प्रसारण लाइनमुनि पर्ने जग्गा

अधिग्रहण गरेर आफ्नो स्वामित्वमा ल्याइसकेको पनि उनले बताए।

त्यही जग्गामा तार तान्दा स्थानीयले क्षतिपूर्ति माग्नु गैरकानुनी हुने र त्यस्तो क्षतिपूर्ति प्राधिकरणले दिन नसक्ने सिलवालले बताए। ४६ किलोमिटर प्रसारण लाइनमा ३२ किलोमिटरको काम सकिएको छ। फाखेलदेखि मातातीर्थ र मातातीर्थदेखि चिउटाटारसम्म १४ किलोमिटरमा तार टाँग्न बाँकी रहेको आयोजनाले जानकारी दिएको छ।

ठेकेदारले २०७२ असार मसान्तसम्म ४६ किलोमिटर हेटौंडा–कुलेखानी दोस्रो चिउटाटार १३२ केभी लाइन तान्न करिब ५ करोडमा ठेक्का लिएकोमा स्थानीय अवरोधले हेटौंडामा पर्ने २ किलोमिटर खण्डको ७ वटा टावरमा बढी समस्या आएको सिलवालले बताए।

स्थानीयले अवरोध गरेपछि तीनपटक जिल्ला प्रशासन कार्यालय र स्थानीयसँग छलफल गरे पनि निष्कर्ष ननिस्केको आयोजनाको भनाइ छ। वार्ताबाट सामाधान हुन नसकेपछि स्थानीय प्रशासनसँग पटकपटक सुरक्षा मागे पनि प्रशासनले चासो नदेखाएको आयोजनाका अधिकारीहरुले आरोप लगाए।

स्थानीयले सुरुमा विद्युत प्रधिकरणले जग्ग्ाा अधिग्रहण गर्दा थोरै मुआब्जा दिएको र अहिले जग्गाको मूल्य अनुसार मुआब्जा वा क्षतिपूर्ति नदिए काम गर्न नदिने बताएका छन।

बेलैमा तार टाँग्न नसके कुलेखानी दोस्रोबाट उत्पादित बिजुलीसमेत खेर जान जान सक्छ। मकवानपुरका प्रमुख जिल्ला अधिकारी रामप्रसाद थपलियाले नियमअनुसार प्रसारण लाइनको तार तान्ने काममा कसैले अवरोध पुर्याजउन नसक्ने बताए।

श्रोतः नयाँ पत्रिका, २०७२/५/४

# निर्माणाधीन १ सय २३ केभीको काबेली करिडोरमा बुधबारदेखि उत्पादन परीक्षण सुरु

ख्याम भुजेल/नयाँ पत्रिका

मेचीका पहाडी जिल्लामा उत्पादित विद्युत् केन्द्रीय प्रसारण लाइनमा जोड्न निर्माणाधीन १ सय २३ केभीको काबेली करिडोरमा बुधबारदेखि उत्पादन परीक्षण सुरु भएको छ । इलामको गोदकमा रहेको सबस्टेसनबाट झापाको लखनपुरसम्म प्रसारण लाइनको परीक्षण गरिएको हो ।

लखनपुरको सबस्टेसननजिकै रहेको १ नम्बर टावर र २ नम्बर टावरबीचमा तार जडान नभएकाले उत्पादित विद्युत् केन्द्रीय प्रसारण लाइनसम्म पुगेको छैन । लखनपुरको सबस्टेसन नजिकै रहेको १ नम्बर टावर र २ नम्बर टावरसम्म जग्गामा विवाद भएपछि तार जोड्न नसकिएको हो ।

जग्गाधनीले बढी रकम दाबी गरेकाले तार जोड्न नसकिएको आयोजना प्रमुख दीपेन्द्रराज द्विवेदीले बताए । ‘नियमले १६/१७ लाख मात्र दिन सकिन्छ, जग्गाधनीले १ करोड माग गरेका छन्,’ आयोजना प्रमुख द्विवेदीले भने, ‘स्थानीयस्तरबाट टुंग्याउन नसकेपछि माथिल्लो तहमा कुरा राखेको छु ।’

तीनजनाको स्वामित्वमा रहेको जग्गामा विवाद हुँदा तार जडान हुन नसकेको हो ।

दुई टावरका बीचको ३ सय ५० मिटरमा तार जोड्न बाँकी छ । जडानका लागि त्यहाँ तार पुर्‍याइसकिएको छ । ६ वटा तारमध्ये एउटा टाँगिएको छ । बाँकी पाँचवटा तार जडान भइकेपछि उत्पादित विद्युत् केन्द्रीय प्रसारण लाइनमा जोडिनेछ ।

एक वर्षअघि निर्माण सकिएको इलाम चिसापानीको सानिमा हाइड्रो पावरको २२ मेगावाट विद्युत्को करिडोर परीक्षण गरिएको हो । तार जोडिए दुई महिनाभित्र इलाममा मात्रै उत्पादित ५० मेगावाट विद्युत् केन्द्रीय प्रसारण लाइनमा जोडिनेछ ।

५० मेगावाट विद्युत्ले दिनको एक घन्टा लोडसेडिङ कटौती हुने द्विवेदीले बताए । करिडोरमा सानिमामाईको २२ मेगावाट, सानिमामाई क्यासकेटको ७ मेगावाट, अप्परमाई हाइड्रो पावरको १० मेगावाट, अप्परमाई क्यासकेटको ६ मेगावाट विद्युत् कोरिडोरमा जोडिनेछ ।

त्यस्तै, पाँचथरमा निर्माणाधीन हेवाँखोला ‘ए’ को १५ मेगावाट, माईखोला साना जलविद्युत् आयोजना क्यासकेटको ८ मेगावाट विद्युत् वर्ष दिनभित्र कोरिडोरमा जोडिने आयोजना प्रमुख द्विवेदीले जानकारी दिए ।

आयोजनाअन्तर्गत पाँचथर फिदिममा सबस्टेसन निर्माण अन्तिम चरणमा छ । इलाम र फिदिमबीच १ सय ६५ वटा टावर निर्माण गरिनेछ ।

चार वर्षदेखि सुरु भएको आयोजनाको काम तोकिएको समयमा पूरा नभएपछि डेढ वर्ष म्याद थप गरिएको छ । तोकिएको समयमा आयोजना पूरा हुने प्रमुख द्विवेदी दाबी गर्छन् ।

करिडोरबाट पाँचथर र इलामका ९ हाइड्रो पावरबाट उत्पादित १ सय २० मेगावाट विद्युत् केन्द्रीय प्रसारण लाइनमा जोडिनेछ । करिडोरको क्षमता १ सय ५० मेगावाटको हो । विश्व बैंकको २ अर्ब ५८ करोड रुपैयाँ लगानीमा विद्युत् प्राधिकरणले कोरिडोर निर्माण गरिरहेको छ ।

श्रोतः अन्नपुर्ण पोष्ट, २०७२/५/४

# कोरिया बस्ने नेपालीलाई जलविद्युत्को सेयर

लिलु ढुम्रे

क्लिन इनर्जी डेभलपमेन्ट बैंकद्वारा प्रवद्र्धित सी.ई.डी.बी हाइड्रो फन्ड अन्तर्गतको युनिभर्सल पावर कम्पनीले दक्षिण कोरियामा रहेका नेपालीका लागि तल्लो खारे खोला जलविद्युत् आयोजनाको अग्राधिकार सेयर आवेदन खुला गरेको छ।

कम्पनीले साना लगानीकर्तालाई अवसर प्रदान गर्ने गरी प्रतिकित्ता सय रुपैयाँका दरले ८७ लाख कित्ता अग्राधिकार सेयर बिक्री गर्ने भएको छ।सी.ई.डी.बी हाइड्रो फन्डकै नेतृत्वमा निर्माण हुन लागेको ११ मेगावाट क्षमताको तल्लो खारे खोला जलविद्युत् आयोजनाको निर्माणस्थल दोलखा जिल्लाको सुरी र चंखु गाविसमा पर्छ।

तीनदेखि चार वर्षमा सम्पन्न गर्ने लक्ष्य रहेको आयोजनाको कुल लागत एक अर्ब ८७ करोड रुपैयाँ हुने कम्पनीको अनुमान छ। युनिभर्सल पावर कम्पनीको स्वामित्व रहेको यस आयोजना निर्माण गर्न विद्युत् खरिद बिक्री सम्झौता, बिस्तृत डिजाइन,वातावरणीय अध्ययन र आयोजनालाई आवश्यक ९५ प्रतिशत जग्गा खरिद गरिसकिएको प्रबन्ध निर्देशक विनयकुमार भण्डारीले जानकारी दिए।

आयोजनाको निर्माण कार्य आगामी मंगसिरदेखि सुरु गरिनेछ।अग्राधिकार सेयर चार वर्षपछि स्वतः साधारण सेयरमा परिवर्तन हुनुका साथै अग्राधिकार सेयरमा वार्षिक ७.५५ प्रतिफल दिने कम्पनीको योजना छ।

अग्राधिकार सेयरमा वार्षिक ब्याज दिने नेपालकै पहिलो कम्पनी रहेको निर्देशक भण्डारीले दाबी गरे।बैंक अफ काठमान्डूसँग यस आयोजनाको ऋण सम्झौता सम्पन्न भइसकेको छ भने आयोजनाबाट उत्पादित विद्युत् सिंगटी सबस्टेसनबाट राष्ट्रिय प्रसारणमा जोडिनेछ। आयोजना स्थलसम्म सडक पुुगिसकेको र उत्पादित विद्युत् सहजै राष्ट्रिय ग्रिडमा जोडिने पनि भण्डारीले जानकारी दिए।

साधारण सेयरमा परिवर्तन हुने आग्राधिकार सेयर भएकोले लगानीकर्ताको जोखिम न्यून हुनुको साथै आयोजनाबाट विद्युत् उत्पादन पश्चात साधारण सेयरमा परिवर्तन हुने भएकाले लगानीकर्ताले उच्च प्रतिफल प्राप्त गर्नेमा पूर्ण विश्वस्त हुन कम्पनीले लगानीकर्तालाइ सुझाएको छ।

**साना लगानीकर्तालाई अवसर प्रदान गर्ने गरी ८७ लाख कित्ता अग्राधिकार सेयर बिक्री गरिने भएको छ।**

आयोजनाको निर्माण पश्चात यसको सेयर सर्वसाधारणलाई बिक्री गरी नेप्सेमा सूचीकृत गरिने योजना रहेको कम्पनीले जानकारी गराएको छ। ई.डी.बी हाइड्रो फन्डले यस अघि लमजुङ जिल्लामा ४.४ मेगावाट

क्षमताको राधी साना जलविद्युत् आयोजना निर्माण सम्पन्न गरिसकेको छ। अग्राधिकार सेयरमा न्यूनतम एकलाख रुपयाँ लगानी गर्नुपर्नेछ।

यस अघि सानो मिल्ती खोला हाईड्रो र नेपाल पूर्वाधार विकास कम्पनीले सस्थापक शेयर निस्काशन गर्दा उल्लेख्य रकमको आवेदन परेको थियो। कोरियामा रहेका नेपालीको पहलमा निर्माणाधीन सानोमिल्ती खोला हाईड्रो आयोजनाले खुला गरेको सस्थापक सेयरमा १२ करोड ५० लाख रुपैयाँ लगानी भएको छ।

करिब ३२ हजार कामदार रहेको कोरियाका नेपालीको मासिक आर्जन आकर्षक हुनाले आयोजना सञ्चालक एक पछि अर्को गरी सेयर निस्कासन गर्न लागिरहेका हुन्।

गत सालको वैशाख र जेठ महिनामा नेपाल पूर्वाधार विकास कम्पनीले एक सय ८२ जना युवामार्फत सुरुङ मार्ग निर्माणका लागि रकम जुटाएको थियो। कम्पनीले काठमाडौं-कुलेखानी-हेटौडा सुरुङ मार्गका लागि दक्षिण कोरियाबाट दुई करोड ६३ लाख उठाएको थियो ।